छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक २६ • २०८३ साल आषाढ १ गते सोमबार (15 June, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'नेपालले कसैको भूमि मिचेको छैन'




**टुडे समाचारदाता**

वीरगञ्ज । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालले भारतसहित कुनै पनि देशको भूमि नमिचेको दाबी गरेका छन् ।

वीरगञ्जमा आइतबार आयोजित एक कार्यक्रममा बोल्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले नेपालले छिमेकी राष्ट्रको भूमि अतिक्रमण गरेको भन्ने दाबी तथ्यहीन रहेको बताए ।

उनले आफू दुई पटक नेपालको परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेको स्मरण गराउँदै हालसम्म नेपालले भारतको भूमि मिचेको भन्ने कुनै आधिकारिक जानकारी प्राप्त नभएको बताए । यस्तो संवेदनशील विषयमा सार्वजनिक रूपमा अभिव्यक्ति दिँदा तथ्य र प्रमाणका आधारमा बोल्न उनले आग्रह गरे ।

अध्यक्ष यादवले भारतले समेत हालसम्म नेपालले आफ्नो भूमि अतिक्रमण गरेको दाबी नगरेको अवस्थामा नेपालकै तर्फबाट यस्तो विषय उठाइनु आश्चर्यजनक भएको टिप्पणी गरे । अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक मामिलामा जिम्मेवार अभिव्यक्ति आवश्यक रहेको उनले बताए ।

अध्यक्ष यादवले भने, 'नेपालले भारतको भूमि मिचेको भनिएको छ भने त्यसको आधार, तथ्य र प्रमाण सार्वजनिक हुनुपर्छ, यस्तो गम्भीर विषयमा कसैले दाबी गर्छ भने त्यसलाई पुष्टि गर्ने जिम्मेवारी पनि उसैको हुन्छ ।'

उनले राष्ट्रिय हित, सीमा सम्बन्ध र परराष्ट्र नीतिसँग जोडिएका विषयमा अनावश्यक विवाद सिर्जना गर्नेभन्दा पनि तथ्यपरक बहस आवश्यक रहेको बताए ।

### आज बजेट प्रस्तुत हुने
# मधेश प्रदेशको बजेट आकार घट्ने संकेत, आर्थिक सर्वेक्षण सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सोमबार प्रस्तुत गर्ने बजेटको आकार चालु आर्थिक वर्षको तुलनामा घट्ने भएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदानमा कटौती, लक्ष्य अनुसार आन्तरिक राजस्व संकलन हुन नसक्नु तथा आन्तरिक आयस्रोतको सुनिश्चितता कमजोर रहनुका कारण प्रदेशको समग्र आर्थिक स्रोत खुम्चिएकाले बजेटको आकार घट्न लागेको हो ।

प्रदेश सरकारको अर्थ मन्त्रालयले असार १ गते अर्थात सोमबार प्रदेशसभामा प्रस्तुत गरिने बजेटको तयारी अन्तिम चरणमा पुगेको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । बजेट निर्माण सम्बन्धी प्राविधिक र नीतिगत तयारी पूरा भइसकेकाले सोमबार बजेट प्रस्तुत गरिने उनले बताए ।



अर्थमन्त्री भट्टराईले आगामी बजेट अनुमान वा सम्भावित श्रोतका आधारमा होइन यकिन गरिएका आयश्रोतको आधारमा मात्रै निर्धारण गरिएको छ । अनुमानको भरमा बजेट विनियोजन गर्दा प्रत्येक वर्ष बजेट घाटामा जाने गरेकाले त्यसलाई न्यूनीकरण गर्ने उद्देश्यले उपलब्ध श्रोत साधन देखेर मात्रै विनियोजन गर्ने निती लिइएको हो । आगामी बजेटमा कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको उनले जानकारी दिएका छन् ।

चालु आर्थिक वर्षको तुलनामा आगामी बजेटको आकार केही घटे पनि बजेटमा उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउने तथा आधारभूत सेवामा नागरिकको पहुँच विस्तार गर्ने लक्ष्यसहित केन्द्रित कार्यक्रम समावेश गरिएको जनाइएको छ ।

स्रोतका अनुसार चालू आर्थिक वर्ष २०८२/८३ मा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार बजेट ल्याएका मधेश सरकारले आगामी आर्थिक वर्षका लागि करिब ४२ अर्बको हाराहारीमा ल्याउन लागेको छ । चालु आर्थिक वर्षमा १६ अर्ब बढी बजेट घाटा गएको हो ।

### सबै घरधुरीमा विद्युत पुगेको सरकारको दाबी

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षण सार्वजनिक गर्दै मधेश प्रदेशका सबै घरधुरीमा विद्युत सेवा पुगेको दाबी गरेको छ । आइतबार प्रदेशसभामा प्रस्तुत गरिएको आर्थिक सर्वेक्षण अनुसार राष्ट्रिय प्रसारण लाइनमार्फत प्रदेशका १ सय ३६ स्थानीय तहअन्तर्गत १ हजार २ सय ७१ वडाका सम्पूर्ण घरधुरीमा विद्युत पहुँच सुनिश्चित भएको उल्लेख गरिएको छ ।

सर्वेक्षणमा मधेश प्रदेशका सबै स्थानीय तहमा बैंक तथा वित्तीय सेवाको पहुँच विस्तार भइसकेको पनि जनाइएको छ । प्रदेशभर रहेका १ हजार ७ सय ५४ वटा बैंक तथा वित्तीय संस्थाका शाखामार्फत सेवा प्रवाह भइरहेको तथ्यांक प्रस्तुत गरिएको छ ।

यद्यपि आर्थिक सर्वेक्षणले प्रदेशको आर्थिक अवस्था अपेक्षाकृत कमजोर रहेको संकेत गरेको छ । कृषि क्षेत्रमा आएको गिरावटका कारण चालु आर्थिक वर्षमा मधेश प्रदेशको आर्थिक वृद्धि दर केवल १.३१ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरिएको छ ।

सर्वेक्षणअनुसार कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान प्रदेशको कुल अर्थतन्त्रमा ३४.९७ प्रतिशत रहेको छ । कृषि अझै पनि प्रदेशको अर्थतन्त्रको मुख्य आधार भए पनि अन्नबाली उत्पादनमा कमी आएको उल्लेख गरिएको छ । तरकारी, फलफूल तथा माछा-मासु उत्पादनमा भने वृद्धि भएको तथ्य सर्वेक्षणले देखाएको छ ।

अर्थमन्त्री भट्टराईले आर्थिक सर्वेक्षणले देखाएको यथार्थ अवस्थालाई आधार बनाएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गरिएको बताएका छन् । उनका अनुसार उत्पादनमुखी क्षेत्रको प्रवर्द्धन, रोजगारी वृद्धि तथा आर्थिक गतिविधि विस्तारलाई केन्द्रमा राखेर बजेट ल्याइने छ ।

प्रदेशसभाको अर्को बैठक असार १ गते बस्ने तय भएको छ । सोही बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तथा बजेट पेश गरिने जानकारी सभामुख रामआशिष यादव ले दिएका छन् । बजेटमार्फत प्रदेश सरकारले घट्दो स्रोतसाधनका बीच आर्थिक अनुशासन कायम गर्दै विकास तथा सेवा प्रवाहलाई निरन्तरता दिने अपेक्षा गरिएको छ ।

# मधेशमा कृषि, धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गर्नुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुकको औद्योगिक क्षेत्रका लागि दक्ष जनशक्तिको अभाव, कच्चा पदार्थ र उत्पादित वस्तुका लागि उपयुक्त बजार नहुनुलाई मुख्य समस्याका रूपमा एक अध्ययनबाट देखाइएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको अध्ययन प्रतिवेदन अनुसार पर्याप्त पुँजीको अभाव, उच्च उत्पादन लागत, प्रविधिकगत पछौटेपन, पूर्णक्षमताको अभाव, जनशक्ति पलायन, पर्यावरणमैत्री उद्योगको व्यवस्थापन र सञ्चानलाई पनि चुनौतीका रूमपा लिइएको छ ।



औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्नु, कच्चा पदार्थको उचित प्रवन्ध गर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, निर्यातजन्य वस्तुको विविधकरण गर्नुलगायत चुनौती औद्योगिक क्षेत्रमा रहेका नेपाल राष्ट्र बैंकको अध्ययनबाट देखिएको छ ।

केन्द्रीय बैंकले हालै सार्वजनिक गरेको 'चालु आर्थिक वर्षको अर्धवार्षिक प्रतिवेदन'अनुसार कर्णाली प्रदेशमा स्थापना भएका उद्योगमा पुँजी अभाव तथा बजारीकरणको समस्या रहेको छ । स्थापित उद्योग एवम् कलकारखानालाई पलायन हुनबाट रोक्नु, ठूलो सङ्ख्यामा युवा वैदेशिक रोजगारीमा जाने गरेकाले उद्योगमा आवश्यक प्रविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु चुनौती देखिएको छ ।

न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगका लागि आवश्यक पुँजीको व्यवस्थापन गर्नु, उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु पनि कठिनाइका रूपमा लिइएको छ ।

मधेश प्रदेशमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग, खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्न सकिने सम्भावना प्रतिवेदनमा उल्लेख गरिएको छ । धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध मधेश प्रदेशमा होटल, हस्तकला, धार्मिक सामग्री, मिथिला कला तथा पर्यटनसंग सम्बन्धित विभिन्न उद्योगहरूको विकास गर्न सकिनेछ ।

मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकाले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योग स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने अध्ययनले देखाएको छ ।

त्यस्तै बागमती प्रदेशमा कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकाले मासुजन्य उत्पादन, दुग्धजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुटी प्रशोधनलगायत साना तथा मझौला उद्योग स्थापना गर्न सकिनेछ । अधिक तरलता तथा न्यून ब्याजदर रहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने जनाइएको छ ।

त्यसैगरि डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिनेछ । विदेशबाट फर्किएका नेपालीको सीपअनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुनसक्ने छ ।

अध्ययनअनुसार सुदूरपश्चिम प्रदेशमा भारतसँगको खुला सीमानाकाका कारण हुनसक्ने सम्भावित भन्सार छली, अवैध पैठारीलगायत गतिविधि नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधि प्रवर्द्धन गर्नु चुनौतीका रूपमा रहेको छ ।

स्वदेशी वस्तुको उत्पादन लागत बढी हुनु, कमजोर औद्योगिक पूर्वाधार तथा स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत तथा साधनको सदुपयोग हुन नसक्नु पनि चुनौतीका रूपमा रहेका छन् । अध्ययनअनुसार मुलुकको औद्योगिक क्षेत्रमा उल्लेख्य सम्भावना रहेको छ । जलविद्युत् उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई सरकारले प्राथमिकता राखेको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानीलगायत खानीजन्य पदार्थको सम्भाव्यतासमेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना छ । त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टवेयर विकास, सूचना प्रविधि सेवा तथा 'आउटसोर्सिङ' (बाह्य स्रोत परिचालन) उद्योगको विकास गर्ने सम्भावना उच्च छ ।

त्यस्तै गण्डकी प्रदेशमा आर्थिक अभिवृद्धिका परियोजना, 'मेक इन नेपाल' र 'मेड इन नेपाल'लगायत अभियानमार्फत विभिन्न उद्योगका लागि कानुनी सुधार, आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवालगायत पूर्वाधार विकासको प्रभावकारी कार्यान्वयन भए यसले नयाँ आधार तयार पार्नेछ । स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नसके स्वदेशी उत्पादनमा थप वृद्धि हुने देखिन्छ ।

कृषि क्षेत्र तथा स्थानीय स्रोतसाधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने अध्ययनले देखाएको छ । बैंक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न गर्नुपर्ने सो प्रतिवेदनमा उल्लेख गरिएको छ ।



# नेकपा जनसांस्कृतिक महासंघको संयोजकमा भीम कुमाखी




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) सम्वद्ध जनसंगठन जनसांस्कृतिक महासंघको संयोजकमा भीम कुमाखी र सहसंयोजकमा अष्ट लामालाई चयन गरिएको छ । शनिबार सम्पन्न एकता राष्ट्रिय सम्मेलनबाट उनीहरुलाई चयन गरिएको हो ।

साविक नेकपा एससँग सम्वद्ध जनसांस्कृति महासंघका मुख्य नेताहरु एकतामा सामेल नभएपछि तत्कालीन माओवादी केन्द्र सांस्कृतिक तथा साहित्यकर्मीको महासंघमा वर्चस्व देखिएको छ । सम्मेलनले ५१ सदस्यीय कार्यालय टिम, सचिवालय, केन्द्रीय समिति र ४५ सदस्यीय प्राज्ञिक परामर्श समिति गठन गरेको छ । नेकपाका सहसंयोजक माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा कला, साहित्य तथा संस्कृति विभागका केन्द्रीय संयोजन समितिका सदस्य गंगानारायण श्रेष्ठ, महासंघका इञ्चार्ज चिरन पुन, सहइञ्चार्ज उदय श्रेष्ठ, महासंघका पूर्वइञ्चार्ज डा. गोपाल ठाकुर, नेकपा जनवर्गीय सङ्गठन समन्वय मोर्चाका उपप्रमुख बलराम बाँस्कोटा, जनसांस्कृतिक महासङ्घका पूर्व अध्यक्ष मातृकाप्रसाद पोखरेलसहितको उपस्थिति थियो ।

सम्मेलनमा कलाकारहरू उदय श्रेष्ठ ,झङ्कार बुढा, कर्ण विद्रोही, धनु ज्ञयामी, दीपक राई, एलिना, डम्बर रोकाया, पुजा श्रेष्ठलगायतले गीत प्रस्तुत गरेका थिए ।

# बाढी प्रभावित ७३ परिवारलाई घर हस्तान्तरण

जलेश्वर । जिल्लाको भंगहा नगरपालिकामा बाढीबाट प्रभावित भएका ७३ परिवारलाई आज घर हस्तान्तरण गरिएको छ । गत असोज १९ र २० गते जिल्लाको रातो खोलामा आएको बाढीका कारण घरवारविहीन भएका भङ्गहा नगरपालिकाका दलित, गरीब र अतिविपन्न ७३ परिवारलाई नयाँ घर निर्माण गररी आज हस्तान्तरण गरिएको हो ।

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा साझेदार संस्था दलित समाज उत्थान समिति नेपालले नगरभित्र सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत यहाँका बाढी पीडित परिवारलाई निर्माण सामग्री सहयोग गरी घर बनाएर आज सम्बन्धित व्यक्तिलाई हस्तान्तण गरेको हो ।

भङ्गहा-४ स्थित थारुटोलमा आज आयोजित एक कार्यक्रममा नगरप्रमुख सञ्जीवकुमार साहलाई गुड नेवर्स इन्टरनेशनलका प्रतिनिधि टुपेन्द्र खुलाल र दलित समाज उत्थान समितिका प्रतिनिधि रामभजन महतोले संयुक्त रूपमा घरको प्रमाणपत्र



हस्तान्तरण गर्नुभयो ।

सहयोगी संस्थाले भङ्गहा-१ मा एक, वडा नं २ मा तीन, वडा नं ३ मा आठ, वडा नं ४ मा १२, वडा नं ५ मा आठ, वडा नं ६ मा १२, वडा नं ७ मा आठ, वडा नं ८ मा पाँच र वडा नं ९ मा १६ वटा घर निर्माण गरेका छन् । रु एक करोड एक लाख ७१ हजार ५७४ खर्च गरेर निर्माण गरिएका ७३ वटा घरबाट ३७५ जना प्रत्यक्ष लाभान्वित भएका एकीकृत सामुदायिक विकास परियोजनाले जनाएको छ ।

घर हस्तान्तरण कार्यक्रममा नगरप्रमुख साहले पालिकाभित्रका दलित, गरिब र अतिविपन्न बाढी पीडित ७३ परिवारलाई घर बनाउन सहयोग गर्ने सहयोगी संस्थाहरूप्रति आभार व्यक्त गर्नुभयो । उहाँले पालिकाभित्र यी संस्थाहरूले शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार, बालविवाहमुक्त अभियान, आयआर्जनलगायत क्षेत्रमा पुऱ्याएको सहयोगको प्रशंसा गर्नुभयो ।

उहाँले नगरको समग्र विकासका लागि आगामी दिनमा निरन्तर सहयोगका लागि आग्रह गर्नुभयो । रासस

# 'कर नीति र बजेटले मध्यम वर्गलाई थप मारमा पाऱ्यो'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले सरकारले ल्याएको कर नीति र बजेटले मध्यम वर्गलाई राहत दिनुको सट्टा थप आर्थिक भार थपेको आरोप लगाएका छन् ।

पार्टी केन्द्रीय कार्यालयमा आइतबार आयोजित 'सुवर्ण शमशेर इकोनोमिक शृङ्खला' कार्यक्रममा बोल्दै थापाले आयकरको सीमा पाँच लाख रुपैयाँबाट १० लाख रुपैयाँ पुऱ्याएर राहत दिएको जस्तो देखिए पनि शिक्षा, स्वास्थ्य र विद्युत्जस्ता आधारभूत सेवामा मूल्य अभिवृद्धि कर (भ्याट) लगाएर सरकारले मध्यम वर्गको ढाड सेक्ने काम गरेको बताए ।

उनले प्रस्तुत बजेटले मुलुकको वर्तमान आर्थिक शिथिलता तथा संरचनागत समस्यालाई सम्बोधन गर्न नसकेको दाबी गर्दै यसले विद्यमान निराशा चिर्न नसक्ने भएकाले गम्भीर समीक्षा आवश्यक रहेको उल्लेख गरे ।



सभापति थापाले कृषि क्षेत्रप्रतिको सरकारी प्राथमिकता घटेको भन्दै रासायनिक मल खरिदका लागि गत वर्ष ३२ अर्ब रुपैयाँ विनियोजन गरिएकोमा चालु आर्थिक वर्षका लागि २८ अर्ब रुपैयाँ मात्र छुट्याइएकोप्रति असन्तुष्टि व्यक्त गरे । यसबाट किसान प्रत्यक्ष प्रभावित हुने उनको भनाइ थियो । सूचना प्रविधि (आईटी) र स्टार्टअप क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारका नीतिगत घोषणाहरू सकारात्मक भए पनि कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहेको थापाले बताए । स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन गर्न राज्यले जग्गा वा भवन उपलब्ध गराएर 'प्लग एन्ड प्ले' वातावरण निर्माण गर्नुपर्ने उनको सुझाव थियो । लोकतन्त्रमा सरकार बहुमतका आधारमा सञ्चालन भए पनि विधिको शासन र स्थापित प्रक्रियाको सम्मान हुनुपर्नेमा जोड दिँदै थापाले कानुनी प्रक्रिया र संस्थागत प्रणालीलाई मिचेर अघि बढ्न नहुने बताए ।

कार्यक्रममा उनले नेपाली कांग्रेसभित्र आर्थिक तथा नीतिगत बहसलाई संस्थागत गर्न पार्टीको पोलिसी एकेडेमीमार्फत 'बीपी साहित्य सम्मेलन' र 'सुवर्ण शमशेर इकोनोमिक कन्क्लेभ' जस्ता शृंखलाबद्ध कार्यक्रम सञ्चालन गरिने जनाए ।

# देशका विभिन्न स्थानमा भएका दुर्घटनामा तीन जनाको मृत्यु

काठमाण्डु । देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार दाङको राप्ती गाउँपालिकामा ट्रकको ठक्करबाट पैदलयात्री अन्दाजी ६५ वर्षीया चुरिया चौधरीको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते हुनुभएकी चौधरीको भालुबाङ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले ट्रक चालकलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

त्यस्तै ललितपुर महानगरपालिका-१३ थसिखेल चोकस्थित सडकमा आज बिहान ट्रकले स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार भक्तपुर लोकन्थलीकी २३ वर्षीया सोनु गडालको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते हुनुभएकी गडालको पाटन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले ट्रक चालकलाई नियन्त्रणमा लिएको छ ।

दाङबाट सल्यानतर्फ जाँदै गरेको बसले सल्यानको शारदा नगरपालिका-१ श्रीनगरस्थित सडकमा ठक्कर दिँदा पैदलयात्री छत्रेश्वरी गाउँपालिका ७ बस्ने ४६ वर्षीया उमा रेउलेको आज मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते हुनुभएकी रेउलेको जिल्ला अस्पताल सल्यानमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले बस चालकलाई नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । रासस

# रौतहटमा एकैदिन पाँच सयको आँखा परीक्षण

चन्द्रपुर । रौतहटमा शनिबार एकैदिन बृहत् निःशुल्क आँखा शिविर सञ्चालन गरी पाँच सयभन्दा बढी नागरिकको आँखा परीक्षण गरेको छ । नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पतालले आफ्नो महाअभियानअन्तर्गत तीन फरक-फरक स्थानमा आँखा परीक्षण गरेको हो ।

बालबालिकादेखि ज्येष्ठ नागरिकसम्म लक्षित गरी उक्त शिविर सञ्चालन गरिएको हो । सेवा फाउन्डेसनको सहयोगमा निजी तथा सामुदायिक विद्यालयबाट छनोट गरिएका बालबालिकालाई लक्षित गरी विशेष आँखा परीक्षण कार्यक्रम समकेत सञ्चालन गरिएको थियो । गौर आँखा अस्पतालका नेत्रअधिकृत शिवकुमार यादव, दृष्टि विशेषज्ञ पुनम यादवसहित करिब १५ सदस्यीय प्राविधिक टोलीले आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरेको थियो ।

परीक्षणका क्रममा दृष्टिदोष पहिचान भएका ८३ बालबालिकालाई निःशुल्क चश्मा वितरण गरिएको नेत्रअधिकृत यादवले जानकारी दिनुभयो । उहाँका अनुसार समयमै दृष्टिदोषको पहिचान र उपचारले बालबालिकाको अध्ययन तथा दैनिक जीवनमा सकारात्मक प्रभाव पार्नेछ ।

यस्तै डाक फाउन्डेसनको सहयोगमा यमुनामाई



गाउँपालिका-४ स्थित जनता मावि, सरुअठा तथा मौलापुर नगरपालिकाअन्तर्गत पथराबुधराम क्षेत्रमा ज्येष्ठ नागरिक लक्षित बृहत् आँखा शिविर सञ्चालन गरिएको थियो ।

मौलापुरमा अस्पतालकी नेत्रअधिकृत विनीता केशरी, अशोक पासवान, अर्चना सिंहलगायत १२ सदस्यीय प्राविधिक टोलीले स्थानीयको आँखा परीक्षण गरेको थियो ।

शिविरमा ४२३ ज्येष्ठ नागरिकको आँखा परीक्षण, परामर्श तथा उपचार सेवा प्रदान गरेको अस्पतालकी नेत्रअधिकृत केशरीले जानकारी दिनुभयो । शिविरका क्रममा मोतियाबिन्दु पुष्टि भएका ६८ जनालाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको उहाँले बताउनुभयो । केशरीका अनुसार छनोट भएका बिरामीलाई अस्पतालसम्म ल्याउने, शल्यक्रियापछि पुनः घरसम्म पुर्याउने तथा सम्पूर्ण उपचार खर्च अस्पतालकै योजनाअन्तर्गत निःशुल्क व्यवस्था गरिएको थियो । ती बिरामीको गौर आँखा अस्पतालमा विशेषज्ञ चिकित्सकको टोलीद्वारा लेन्ससहित निःशुल्क मोतियाबिन्दु शल्यक्रिया गरिने भएको छ ।

अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेयले शल्यक्रियादेखि घर फर्काउने व्यवस्थासम्म सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराइने बताउँदै यस्ता महाअभियानले ग्रामीण तथा विपन्न समुदायमा आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुर्याएको बताउनुभयो ।


'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी-आँखा सेवामा सबैको साझेदारी' मूल नारासहित गौर आँखा अस्पतालले सञ्चालन गरिरहेको महाअभियान वर्षभरि जारी रहने अस्पतालका प्रशासक नागेश्वरप्रसाद चौधरीले जानकारी दिनुभयो । रासस

# ठूलो परिमाणमा गाँजा बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले जिल्लाको जगरनाथपुर गाउँपालिका-३ मरैया चोकस्थित एक खेतबाट बेवारिसे अवस्थामा रहेको ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा संयुक्त सुरक्षा टोलीले सञ्चालन गरेको खोजतलासका क्रममा बेवारिसे अवस्थामा राखिएको १ सय किलो गाँजा फेला पारेको हो ।



जिल्ला प्रहरी कार्यालयले जनाए अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले मरैया चोक नजिकैको खेतमा चामल राख्ने पाँचवटा बोराभित्र प्याक गरेर राखिएको अवस्थामा गाँजा बरामद गरेको थियो । बरामद गाँजा सुरक्षित रूपमा नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

पर्साका प्रहरी डिएसपी हरिबहादुर बस्नेतले गाँजा कसले र कहाँबाट ल्याएर खेतमा राखेको हो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिए । उनले लागूऔषध ओसारपसारमा संलग्न व्यक्ति वा समूहको पहिचानका लागि सुरक्षा निकायले विभिन्न कोणबाट अनुसन्धान अगाडि बढाएको बताए । उनका अनुसार गाँजा बरामद भएको स्थान सीमा क्षेत्रसँग नजिक भएकाले तस्करी सञ्जालको संलग्नता हुन सक्ने आशंकामा अनुसन्धान केन्द्रित गरिएको छ । घटनासम्बन्धी थप विवरण संकलन गर्ने तथा संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको डिएसपी बस्नेतले जनाएको छ ।

# गाँजासहित एक पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले जिल्लाको सुखीपुर नगरपालिका-८ स्थित सुखीपुर बजार क्षेत्रबाट २१ किलो गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले शङ्कास्पद अवस्थामा मोटरसाइकलमा सवार एक व्यक्तिलाई जाँच गर्ने क्रममा ठूलो परिमाणमा गाँजा फेला पारेपछि पक्राउ गरेको जनाइएको छ ।




पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका-१४ निवासी उमेशकुमार मगर रहेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार मगर सवार मोटरसाइकलको खानतलासी गर्दा २१ किलो गाँजा बरामद भएको थियो ।

बरामद गाँजासहित मगरलाई नियन्त्रणमा लिएर थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । लागूऔषध ओसार पसार तथा कारोबारमा संलग्न व्यक्तिहरूमाथि निगरानी बढाइएको र यस्ता गतिविधि नियन्त्रणका लागि अभियानलाई तीव्र बनाइएको प्रहरीको भनाइ छ । प्रहरीले घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको जनाएको छ ।

# १२ जुवाडे पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा पैहरीले जिल्लाको सखुवा प्रसौनी गाउँपालिकामा जुवा खेलिरहेको अवस्थामा १२ जना जुवाडेलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सखुवा प्रसौनी गाउँपालिका-२ श्रीपुर बजारस्थित एक घरमा तास खेलिरहेको भन्ने विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले छापा मारेर १२ जनालाई पक्राउ गरिएको हो ।

प्रहरीले जुवाको खालबाट नगद ४१ हजार ३३५ रुपैयाँ तथा



पाँच बुक तास बरामद गरेको जनाएको छ । पक्राउ परेकाहरूको नाम र ठेगाना भने हालसम्म सार्वजनिक गरिएको छैन ।

पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले पक्राउ परेका व्यक्तिहरूमाथि आवश्यक अनुसन्धान भइरहेको तथा प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

जिल्लामा अवैध जुवा तथा तास खेल्ने गतिविधि नियन्त्रणका लागि प्रहरीले निगरानी र कारबाहीलाई निरन्तरता दिएको जनाएको छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : घर-परिवारसंगकोभेटघाटरसहकार्यको मानसिक सन्तुष्टि प्रदान गर्नेछ ।
वृष : अड्किएका तथा अधुरा कार्यहरु क्रमशः सम्पन्न हुदै जानेछन् ।
मिथुन : स्वास्थ्यप्रति सजग रहनुपर्ने समय छ।
कर्कट : आर्थिक पक्ष सुदृढ हुँदै जानेछ भने आम्दानीका स्रोत विस्तार हुने संकेत छ।
सिंह : अवरुद्ध तथा अधुरा कार्यहरु पुनः गति लिनेछन् ।
कन्या : सामाजिकतथाधार्मिकक्रियाकलापमा सक्रिय सहभागिता रहनेछ ।
तुला : खर्चमा वृद्धि र मानसिक अशान्ति अनुभव हुन सक्ने अवस्था देखिन्छ ।
वृश्चिक : दाम्पत्य तथा प्रेम सम्बन्धमा समझदारी र सौहार्दता वृद्धि हुनेछ ।
धनु : उर्जा, उत्साह र जोशमा वृद्धि भई कार्यक्षमतामा सकारात्मक प्रभाव पर्नेछ।
मकर : दाम्पत्य जीवन सुखद र सन्तुलित रहनेछ।
कुम्भ: धैर्य र विवेक अपनाउँदा नकारात्मक प्रभाव न्यून गर्न सकिनेछ ।
मीन: मान-सम्मान तथा सामाजिक प्रतिष्ठामा वृद्धि हुने संकेत छन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# आरोग्य र चिकित्सा प्रवर्द्धन गर्न 'अन्तरराष्ट्रिय आयुष कन्क्लेभ'




काठमाण्डु । आरोग्य र चिकित्सा क्षेत्रको प्रवर्द्धन गर्नका लागि काठमाडौँमा अन्तरराष्ट्रिय आयुष कन्क्लेभ सम्पन्न भएको छ।

'काउन्सिल फर इन्ट्रिग्रेटिभ वैद्य इनोभेसन एण्ड कोलाब्रेसन'को आयोजना तथा नेपाल चेम्बर अफ कमर्सको सहआयोजनामा यहाँ आज भएको कन्क्लेभका सहभागीहरुले आरोग्य र आयुर्वेद चिकित्सालाई प्रवर्द्धन गर्न नीतिगत सहजीकरण गर्नुपर्ने माग गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाललाई आरोग्य, स्वास्थ्य तथा चिकित्सा पर्यटनको अन्तरराष्ट्रिय गन्तव्यका रूपमा स्थापित गराउनुपर्ने बताउनुभयो । "नेपाल सरकारले आगामी १० वर्षलाई 'आरोग्य दशक' का रूपमा मनाउने निर्णय गरेको छ। यो काम सह्रानीय छ", उहाँले भन्नुभयो, "नेपालमा पाइने जडीबुटी, योग, ध्यान तथा परम्परागत उपचार पद्धति जस्ता नेपालको विशिष्ट सम्पदाले स्वास्थ्य तथा आरोग्य पर्यटनको सम्भावनाको ढोका खोल्ने अपेक्षा लिएका छौँ।"

अध्यक्ष अग्रवालले परम्परागत चिकित्सा प्रणाली र आधुनिक विज्ञानबीचको सहकार्य नै भविष्यको स्वास्थ्य सेवाको आधार बन्ने उल्लेख गर्दै कृत्रिम बुद्धिमता (एआइ), डिजिटल स्वास्थ्य, टेलिमेडिसिन, जैव प्रविधि तथा डाटा विश्लेषण जस्ता प्रविधिहरूले स्वास्थ्य क्षेत्रमा नवप्रवर्तन र कार्यक्षमताका नयाँ अवसर सिर्जना गरिरहेको बताउनुभयो।

सो कन्क्लेभमा भारत, बङ्गलादेश र युनाइटेड अरब इमिरेट्स(युएई) का करिब २०० प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कन्क्लेभका अध्यक्ष राष्ट्रभूषण चक्कुबजीले आयुष कन्क्लेभले आर्युर्वेद, योगलगायतको विकास र प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो। उहाँले यसअघि भारतको आगरा, गोवा र जयपुरमा आयुष कन्क्लेभ सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो। रासस

# प्रहरी संगठन जनताका पहिलो सरकार होः मुख्यमन्त्री कार्की

**प्रहरीको नीति र ऐनलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै "डिएनए" परीक्षण गर्ने प्रयोगशाला निर्माण र "डिजिटल" प्रणालीमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।**



विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रहरी सङ्गठन नेपाली जनताका पहिलो सरकार भएको बताउनुभएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र कोशी प्रदेश प्रहरी कार्यालयद्वारा आज यहाँ आयोजित कोशी प्रदेशस्तरीय 'अपराध अनुसन्धान समीक्षा' गोष्ठीको उद्धाटन गर्दै उहाँले प्रहरी सङ्गठनमाथि उठेको प्रश्न र जिज्ञासाप्रति सङ्गठन जिम्मेवार बन्नुपर्ने विचार राख्नुभयो।

मुख्यमन्त्री कार्कीले प्रहरी सङ्गठनलाई बलियो बनाउने समयमा नियन्त्रणमा राख्ने सोच र प्रवृत्तिले अपराध अनुसन्धानमा गम्भीर असर पर्ने भन्दै सङ्गठनलाई समयानुकूल बनाउन साधन, स्रोत र व्यवस्थापकीय कमी कमजोरीलाई राज्यले पूरा गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले प्रहरीको नीति र ऐनलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै ' डिएनए' परीक्षण गर्ने प्रयोगशाला निर्माण र ' डिजिटल' प्रणालीमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मुख्यमन्त्री कार्कीले समाजमा शान्तिसुरक्षा स्थापना गर्न र सुशासनअन्तर्गत अपराध अनुसन्धानमा प्रहरी सङ्गठनले इमान्दारीपूर्वक आफ्ना जिम्मेवारी निर्वाह गरिरहेको धारणा राख्दै प्रहरीले अनुसन्धानमा त्रुटि हुन नदिन र कानुनको परिधिभित्र रही काम गर्न सुझाव दिनुभयो।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख विनोद घिमिरेले अपराध अनुसन्धामा देखिने त्रुटि र कमीकमजोरीलाई निवारण गर्न गोष्ठी फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले प्रहरीको सफल अनुसन्धानबाट नै पीडित नागरिकले न्याय पाउने भएकाले यसतर्फ गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरले विज्ञान, सूचना प्रविधि एवं सञ्चारले मानव जीवनलाई सहज बनाएपनि अपराध अनुसन्धानतर्फ जटिलता र चुनौती थपिएको जानकारी दिनुभयो।

उहाँले प्रमाणका आधारमा अनुसन्धानसहित क्षमता विकास जरुरी रहेको चर्चा गर्दै गोष्ठीबाट आउने निष्कर्षले अपराध अनुसन्धानमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक मुकुन्द मरासिनीले सुशासनको अनुभूति भएमा मात्र जनताले राज्यप्रति विश्वास गर्ने बताउनुभयो।

जिल्ला अदालत मोरङका न्यायाधीश दुर्गाबहादुर भुसालले न्याय जहिले पनि अनुसन्धानको घेराभित्र रहने भएकाले प्रहरीले गर्ने अनुसन्धानमा गम्भीर हुनुपर्ने धारणा राख्नुभयो । उहाँले अपराधीले पनि विज्ञान र प्रविधिको प्रयोग गर्नाले अनुसन्धामा थप चुनौती छ भन्दै अनुसन्धानलाई गुणस्तरीय बनाउन प्रहरी सङ्गठनले अन्तर निकायसँग सहकार्य एवं सम्बन्धलाई सुमधुर बनाउनुपर्नेमा जोड दिनुभयो।

एकदिने सो गोष्ठीमा कोशी प्रदेशका सबै जिल्लाका प्रहरी उपरीक्षक तथा अनुसन्धान अधिकृतहरुको सहभागित रहेको छ। रासस

# सुनितालाई घरमै नागरिकता



पर्वत। जन्मेदेखि नै पूर्ण अपांगताको जीवन बिताउँदै आएकी पर्वतको जलजला गाउँपालिका-४ फड्केढुङ्गाकी २४ वर्षीया सुनिता विकले घरमै नागरिकता पाएकी छिन्।

चौविसै घण्टा बिस्तारामै पल्टिरहने भएका कारण परिवारले सदरमुकाम कुश्मामा रहेको जिल्ला प्रशासन कार्यालयसम्म ल्याउन नसक्ने भएपछि आज घरमै लगेर नागरिकता वितरण गरिएको हो। प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलसहित कार्यालयका कर्मचारी, स्थानीय वडाध्यक्ष भरत जिसी लगायतको सहभागितामा नागरिकता हस्तान्तरण गरिएको हो।

कार्यालयसम्म आएर सेवा लिन नसक्नेहरुलाई नागरिकता जस्तो महत्वपूर्ण कागजातबाट वञ्चित हुन नपरोस् भनेर घरमै ल्याएर वितरण गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार अपाङ्गताको प्रकृति हेर्दा अत्यन्तै दयनीय रहेकाले सदरमुकाममा बोलाने कुनै उपायसमेत नभएको बताउनुभयो। नागरिकता पाएसँगै राज्यबाट पाउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य सहयोग प्राप्त गर्न सहज हुने प्रजिअ पौडेलको भनाइ छ। पीडित सुनिताका बाबु काला सुनारले पोलियो रोगका कारण छोरीको यस्तो अवस्था भएको बताउनुभयो। जुनसुकै अस्पतालमा लैजाँदा पनि निको हुन नसकेको बताउँदै उहाँले पूर्ण रुपमा अपाङ्गता हुँदा परिवार नै समस्यामा परेको बताउनुभयो। खाना खुवाउने, सरसफाइ गरिदिन एक जना पूर्ण रुपमा खटिनुपर्दा परिवारको अन्य गुजारा चलाउन समस्या भएको सुनारले बताउनुभयो।

सुनिताका दुई दाजुको स्वास्थ्य अवस्था राम्रै छ। तेस्रो सन्तानको रुपमा जन्मिएकी उनी सुरुका आठ महिनासम्म ठीकठाकै भए पनि त्यसपछि स्वास्थ्य बिग्रिदै गएको र अपाङ्गताले थलिँदै गएको सुनारले बताउनुभयो। नागरिकता बनेसँगै अब नियमित वडा कार्यालवाट भत्ता दिइने जलजला-६ का वडाध्यक्ष भरत जिसीले जानकारी दिनुभयो। रासस

# 'नेपाललाई आँखा उपचारको केन्द्र बनाउन सकिन्छ'



काठमाण्डु । विज्ञहरुले नेपालमा आँखा उपचारको सेवाका पहुँचमा वृद्धि भए पनि अन्धोपनको जोखिम अझै कायम रहेको बताएका छन् । नेपाल नेत्रज्योति सङ्घको आज यहाँ आयोजित ३०औँ केन्द्रीय सभाको अधिवेशनमा अन्धोपनको दरमा केही कमी आए पनि स~्यात्मक रुपमा जोखिम रहेको उहाँहरुको भनाइ थियो।

औसत आयु, रक्तचाप तथा मधुमेहका बिरामी बढेका कारण नेपालमा आँखाका बिरामी बढेको उल्लेख गर्दै उहाँहरुले ग्रामीण क्षेत्रमा आँखा उपचार सेवाको पहुँच अभिवृद्धि गर्न जोड दिनुभयो।

नेपालको आँखा उपचार सेवा विश्वमै अब्बल रहेको जनाउँदै सभाका सहभागीले नेपाललाई आँखा उपचारको 'हव' बनाउन सकिने सम्भावना रहेको औँल्याउनुभयो। सङ्घअन्तर्गत हाल अस्पताल, उपचार केन्द्र तथा विभिन्न बाह्य कार्यक्रममार्फत सन् २०२५ मा ३३ लाख ७८ हजार ४२ जनाले परीक्षण गरेका थिए भने दुई लाख ६६ हजार ४०१ को शल्यक्रिया गरिएको थियो।

सभाको शुभारम्भ गर्नुहुँदै कोशी प्रदेशसभाका उपसभामुख सिर्जना दनुवारले तीन तहको सरकारले आँखा उपचार सेवाका लागि पत्याएको र विश्वास जितेका संस्थाका रुपमा नेपाल नेत्रज्योति सङ्घ रहेको चर्चा गर्दै आगामी दिनमा संस्थाले ग्रामीण विपन्न जनताको आँखा उपचार सेवाको पहुँचमा ल्याउन थप काम गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "तीन तहका सरकारले आँखा उपचार सेवाका लागि लगानी बढाउनुपर्छ। यसका लागि सङ्घले पनि आफ्नो क्षमता विस्तार गर्नुपर्छ।"

उहाँका अनुसार गत आवमा प्रदेश सरकारले सङ्घअन्तर्गत सञ्चालित अस्पताल तथा उपचार केन्द्र तथा विभिन्न बाह्य कार्यक्रमलाई रु २५ लाख बराबरको सामग्री हस्तान्तरण गरेको थियो।

रेसुङ्गा नगपालिकाका प्रमुख खिलध्वज पन्थीले आँखा उपचार सेवामा नगरपालिकाले पहिलो प्राथमिकता दिएको जानकारी दिँदै आर्थिक अभावका कारण मोतियाविन्दुलगायत अन्य उपचार सेवाको अभाव हुन नदिएको बताउनुभयो।

प्रा डा देवनारायण साहले नेपालमा आँखा उपचारको सेवाका पहुँचमा वृद्धि भए पनि अन्धोपनको जोखिम अझै कायम बताउनुभयो। सङ्घका अध्यक्ष प्रा डा चेतराज पन्तको सभापतित्वमा सम्पन्न कार्यक्रममा महासचिव भरतबहादुर चन्दले वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो।

**संस्थापक महासचिव प्रा डा पोखरेल सम्मानित**

कार्यक्रममा सङ्घका संस्थापक महासचिव प्रा डा रामप्रसाद पोखरेललाई डा नन्द श्रेष्ठ अम्बिका श्रेष्ठ नेत्रज्योति सामाजिक सम्मान अपर्ण गरिएको थियो। नेपालमा आँखा उपचारको संस्थागत प्रादुर्भाव, उन्नयन र विकासमा अतुलनीय योगदान पुऱ्याएबापत उहाँलाई सो सम्मान अपर्ण गरिएको हो।

त्यस अवसरमा नेत्रज्योति विशिष्ट सम्मान रेसुङ्गा र गोरखा नगरपालिका, प्रा डा देवनारायण साह, प्रा डा रघुनन्दन ब्याँजु, लायन्स क्लब इन्टरनेसनल मल्टिपल काउन्सिल ३२५, सञ्जय खेतान, कृष्णहरि सापकोटा, जापानी नागरिकद्वय प्रा डा ताकेसी नाइतो र डा जुनसुके अकुरालाई प्रदान गरियो।

त्यसैगरी, लाइफटाइम एचिभमेन्ट अवार्डबाट श्यामकुमार पोखरेल, चक्रबहादुर सिंह, श्यामसुन्दर उदास, पदमनारायण चौधरी, प्रा डा दिलबहादुर क्षेत्री, वामदेव खनाल, नेत्रमणि लामिछाने र मायादेवी बज्राचार्यलाई सम्मान गरियो।

नेत्रज्योति उत्कृष्ट जिल्ला शाखाका रुपमा संखुवासभा, नेत्रज्योति उत्कृष्ट आँखा अस्पताल सम्मानबाट विराटनगर आँखा अस्पताल, नेत्रज्योति उत्कृष्ट आँखा उपचार केन्द्र सम्मानबाट कालीगण्डकी आँखा उपचार केन्द्र र नेत्रज्योति डा निकोल ग्रासेट सम्मानबाट डा पुष्पा गिरीलाई सम्मानित गरियो।

कार्यक्रममा नेत्रज्योति सम्मान विन्दुसागर राजभण्डारी, शैलेन्द्रमान सिंह, कुमार पृथु, शालिकराम गौतम, मीना राई र देवबहादुर बुढाक्षेत्रीलाई सम्मान गरियो। रासस

# 'मिस्टर महानगर'को उपाधि सगेन्द्रलाई



काठमाण्डु । काठमाण्डु महानगरपालिकाले यस वर्ष मिस्टर महानगरको उपाधि सगेन्द्र सिंहलाई प्रदान गरेको छ। काठमाडौँ महानगरपालिका-२२ ले आयोजना गरेको मिस्टर महानगरको दोस्रो संस्करणको उपाधि सिंहलाई प्रदान गरिएको हो।

मिस्टर महानगर शारीरिक सुगठन प्रतियोगितामा डिभाइन फिजिकल फिटनेस सेन्टरका सिंहले ७५ किलोभन्दा माथिको तौल समूहबाट उपाधि हासिल गर्नुभएको हो । उहाँले तौल समूहको प्रतिस्पर्धामा रु एक लाख र ओभरअल प्रतिस्पर्धाबाट दोस्रो 'मिस्टर महानगर'को उपाधिसहित रु पाँच लाख र ट्रफी र ब्यानेट प्राप्त गर्नुभएको छ।

गत वर्ष सम्पन्न पहिलो प्रतियोगितामा ग्रेस महर्जनले पहिलो 'मिस्टर महानगर' उपाधि प्राप्त गर्नुभएको थियो । विजेतालाई काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभयो । प्रतियोगिताको ओभरअल प्रतिस्पर्धामा रु ५५ किलो तौल समूहबाट जिमटारका सविन चौलागाईं, ६० किलो तौल समूहबाट फिटएक्स जिमका अमृत गहतराज, ६५ किलो तौल समूहबाट फिटनेस ग्यारेज थापाथलीका नवराज डुम्ब्रे, ७० किलो तौल समूहबाट ग्यारेजकै माधव सुवेदी, ७५ किलो तौल समूहबाट नेपाल व्यायाम मन्दिरका क्षितिज थापा र ७५ किलो भन्दा माथिको तौल समूहबाट डिभाइनका रुपमा सिंहले प्रतिस्पर्धा गर्नुभएको थियो।

महिला फिजिक्सतर्फ एनआरके फिटनेसकी सीता खत्रीले प्रथम स्थान हासिल गर्नुभयो । उहाँलाई नगद रु एक लाख २५ हजारसहित पदक र सम्मान पत्र प्रदान गरिएको छ । यस वर्ष पुरुषतर्फ नौ विधामा प्रतिस्पर्धा भएको थियो। एथलेटिक्स फिजिक्सतर्फ दुई विधामा प्रतिस्पर्धा भएको थियो । महिलातर्फ एथलेटिक्स फिजिक्सअन्तर्गत प्रतिस्पर्धा गराइएको थियो।

एथलेटिक्स फिजिक्सतर्फ पुरुष र महिला दुवै विधामा प्रथम पुरस्कार रु एक लाख २५ हजार, दोस्रोदेखि पाँचौँ स्थानसम्म क्रमशः रु ७५ हजार, रु ५० हजार, रु २५ हजार तथा रु १० हजार नगदसहित ट्रफी र मेडल प्रदान गरिएको थियो। रासस

# 'मुटु फलाम भएर' कविता कृति लोकार्पण




काठमाण्डु । कवि राजेश ढुंगानाको कृति 'मुटु फलाम भएर' लोकार्पण गरिएको छ । नेपाल स्रष्टा समाज केन्द्रीय समितिको आयोजनामा आइतबार यहाँ आयोजित कार्यक्रममा वरिष्ठ कवि एवं लेखक रोचक घिमिरेले उक्त कृतिको लोकार्पण गर्नुभएको हो।

लेखक घिमिरेले नेपाली साहित्यका प्रखर स्रष्टा राजेश ढुङ्गानाको 'मुटु फलाम भएर' कविता कृति उत्कृष्टमध्येको एक रहेको बताउनुभयो । उहाँले यस कृतिले नेपाली साहित्यको क्षेत्रमा महत्वपूर्ण पहिचान बनाउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा सहभागी विभिन्न साहित्यकार तथा कविहरूले 'मुटु फलाम भएर' कविता कृति भाव, शैली र प्रस्तुतिका दृष्टिले रोचक रहेको धारणा राख्नुभयो । उहाँहरूले उक्त कृति साहित्यप्रेमी पाठकका लागि रुचिको विषय बन्नेमा विश्वास व्यक्त गर्नुभयो।

कवि राजेश ढुङ्गानाले लामो अध्ययन, मेहनत र जीवनका विभिन्न अनुभवलाई समेटेर उक्त कविता कृति तयार पारिएको बताउनुभयो । उहाँले पाठकको माया र प्रतिक्रियाले आफूलाई थप सिर्जनात्मक ऊर्जा मिल्ने उल्लेख गर्नुभयो। रासस

# बागमती प्रदेशसभा बैठकः प्रदेशको आर्थिक सर्वेक्षण प्रस्तुत





मकवानपुर । बागमती प्रदेशसभाको बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बागमती प्रदेशको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण २०८२/८३ पेस गर्नुभएको छ। आइतबारको बैठकमा सो आर्थिक सर्वेक्षणमा उल्लेख भएअनुसार बागमती प्रदेशभित्र राजस्व असुली गर्ने कार्य उल्लेखित प्रगती भएको उहाँले जानकारी दिनुभयो।

मन्त्री तामाङले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रत्येक नागरिकलाई आर्थिक समृद्धि गर्नेतर्फ लक्षित कार्यक्रम ल्याइने बताउनुभयो । उहाँले प्रदेशको विभिन्न जिल्लामा नयाँ ८०० किलोमिटर सडक निर्माण सम्पन्न गरिएको र खानेपानी, सिँचाइका विद्युतीय योजनालाई कार्यान्वयन गर्दै लगिने जानकारी दिनुभयो।

मन्त्री तामाङले प्रदेशको विभिन्न जिल्लामा सडकका ढल व्यवस्थापन गरिनुका साथै स्तरोन्नति गरिएको, थप सडक कालोपत्र गरी विपन्न जनतालाई सुविधा उपलब्ध गराइएको उल्लेख गर्नुभयो । उहाँले कृषि उत्पादनलाई बढुवा दिन विपन्न समुदायको चेपाङ, तामाङ, जनजाति, दलित, आदिवासीलगायत खस र आर्यलाई केन्द्रमा राखेर आगामी आव २०८३/८४ का लागि आर्थिक योजनाका कार्यक्रम ल्याइने जानकारी दिनुभयो।

सोही बैठकमा प्रदेशसभाअन्तर्गत रहेका पाँच वटा विभिन्न समितिका सभापतिहरूले आआफ्नो समितिको तर्फबाट सातौँ प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । समितिको सातौँ प्रतिवेदन प्रस्तुत गर्नेमा क्रमशः प्रदेश मामिला समितिका सभापति छिरिङ दोर्जेलामा, सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछाने, अर्थ तथा विकास समितिका सभापति नुरज वज्राचार्य, कृषि स्वास्थ्य र शिक्षा समितिका सभापति ठाकुरप्रसाद ढकाल र उद्योग पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठ हुनुहुन्छ।

बैठकमा विशेषाधिकार समितिका सभापति मायादेवी शर्माले सो समितिको तेस्रो प्रतिवेदन छुट्टै पेस गर्नुभएको थियो। प्रदेशसभाको उपसभामुख अप्सरा चापागाईंले अर्को बैठक असार १ गते अपराह्न ४:०० बजे बस्ने जानकारी दिँदै आजको बैठक स्थगित गर्नुभयो। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# विधि, विधान र संस्थागत निर्णयको सम्मान गर्ने कि गुटगत वर्चस्वको पुनर्स्थापना ?

## सम्पादकीय

### कांग्रेसभित्रको नयाँ शक्ति-समीकरणको संकेत

नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनको माग, नेतृत्वप्रतिको असन्तुष्टि र आगामी निर्वाचनको तयारीबीच मधेश प्रदेशमा आयोजित प्रदेशस्तरीय कार्यकर्ता भेला केवल एउटा नियमित संगठनात्मक कार्यक्रम नभइ पार्टीभित्र विकसित भइरहेको नयाँ शक्ति-समीकरणको संकेत पनि हो । जनकपुरधाममा सम्पन्न उक्त भेलाले कांग्रेसभित्र सतहमा देखिएको एकता र भित्रभित्रै बढिरहेको ध्रुवीकरणलाई एकसाथ उजागर गरेको छ । भेलामा सहभागी नेताहरूले पार्टी एकता, संगठन सुदृढीकरण र लोकतान्त्रिक अभ्यासको पक्षमा बोले पनि उनीहरूका अभिव्यक्ति र कार्यक्रमको समयले फरक सन्देश दिएको छ । विशेष महाधिवेशनको विषयमा पार्टीभित्र बहस चलिरहेका बेला छुट्टै प्रदेशस्तरीय भेला आयोजना हुनु आफैंमा एउटा राजनीतिक सन्देश हो । यसले कांग्रेसभित्र विभिन्न समूहहरू आफ्नो संगठनात्मक प्रभाव र शक्ति प्रदर्शनमा केन्द्रित भएको देखाउँछ । संस्थापन पक्षबाट असन्तुष्ट बनेका शेरबहादुर देउवा पक्षधरले वडास्तरसम्म कमिटी निर्माण गर्न, अहिलेदेखि नै उम्मेदवार छनोटको प्रक्रिया अघि बढाउन तथा सम्भावित कारबाहीको प्रतिकार गर्न तयार रहन कार्यकर्तालाई निर्देशनसमेत दिएको छ । यसले आगामी निर्वाचनमा टिकट वितरण र नेतृत्वको निर्णय प्रक्रियाप्रति पार्टीभित्र रहेको अविश्वासलाई पनि प्रकट गरेको छ । अझ रोचक पक्ष के छ भने कांग्रेस नेतृत्वकै सरकार रहेको मधेश प्रदेश सरकारमाथि पनि आलोचना गरिएको छ । आफ्नै पार्टी नेतृत्वको सरकारलाई असफल प्रमाणित गर्न कार्यकर्तालाई आग्रह गर्नु राजनीतिक दृष्टिले असामान्य विषय हो । यसले सरकारको कार्यसम्पादनमाथिको असन्तुष्टि देखिएको छ । यदि सत्तारुढ दलका वरिष्ठ नेताहरूले आफ्नै सरकारको खुलेर आलोचना गर्न थाले भने त्यसले सरकारको विश्वसनीयतामाथि प्रश्न उठ्नु स्वाभाविक हुन्छ । मधेशको राजनीतिक सन्दर्भमा हेर्दा यो भेला अझ महत्वपूर्ण देखिन्छ । मधेशमा विगतमा प्रभावशाली रहेका क्षेत्रीय दलहरूको प्रभाव घट्दै जाँदा कांग्रेसले आफ्नो आधार विस्तार गर्ने अवसर खोजिरहेको छ । त्यसैले आगामी स्थानीय र प्रदेश निर्वाचनलाई लक्षित गरेर संगठन विस्तारको अभियान चलाइनु स्वाभाविक पनि हो । तर संगठन निर्माणको नाममा पार्टीभित्र समानान्तर संरचना निर्माण गर्ने प्रयास भए त्यसले दीर्घकालीन रूपमा कांग्रेसलाई नै कमजोर बनाउन सक्छ । राजनीतिक दलभित्र विचार, बहस र फरक मत लोकतन्त्रका अपरिहार्य तत्व हुन् । तर ती बहस संगठन सुदृढीकरणका लागि हुन् कि शक्ति संघर्षका लागि भन्ने प्रश्न अहिले कांग्रेसभित्र गम्भीर रूपमा उठ्न थालेको छ । यदि नेतृत्व र असन्तुष्ट पक्षबीच संवादको वातावरण बन्न सकेन भने अहिलेको असन्तुष्टि भविष्यमा अझ ठूलो आन्तरिक संकटमा रूपान्तरण हुन सक्छ । जनकपुरधाममा गरिएको प्रादेशिक भेला कांग्रेसभित्रको असन्तुष्टिको सार्वजनिक अभिव्यक्तिले आगामी निर्वाचन र भावी महाधिवेशनलाई केन्द्रमा राखेर शुरु भएको शक्ति-सन्तुलनको नयाँ अभ्यासको रुपमा पनि हेर्न थालिएको छ ।



प्रफुल्ल घिमिरे

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनको गौरवशाली इतिहास बोकेको राजनीतिक संस्था हो। यस पार्टीले केवल शासन परिवर्तनको नेतृत्व मात्र गरेको छैन, लोकतन्त्र, संवैधानिकता, नागरिक स्वतन्त्रता र राजनीतिक सहिष्णुताको संस्कारलाई पनि स्थापित गरेको छ। यही कारण कांग्रेसभित्र हुने हरेक राजनीतिक गतिविधि केवल एउटा दलको आन्तरिक विषय मात्र नभई नेपालको लोकतान्त्रिक अभ्याससँग पनि जोडिएको विषय बन्ने गर्दछ।

दोस्रो विशेष महाधिवेशनपछि नेपाली कांग्रेसभित्र नयाँ राजनीतिक परिस्थिति निर्माण भएको छ। विशेष महाधिवेशनले नीति, विधान र नेतृत्वमा परिवर्तन गर्दै नयाँ कार्यसमिति गठन गऱ्यो। उक्त महाधिवेशनको प्रक्रिया, त्यसबाट निर्वाचित नेतृत्व, निर्वाचन आयोगबाट भएको अद्यावधिक तथा सर्वोच्च अदालतबाट भएको अन्तिम निर्णयले नयाँ संरचनालाई कानुनी र राजनीतिक वैधता प्रदान गरिसकेको अवस्था छ। लोकतान्त्रिक अभ्यासमा यस्ता निर्णय अन्तिम मानिन्छन् र त्यसपछि सम्पूर्ण पक्षहरू संस्थागत रूपमा एकताबद्ध भएर अगाडि बढ्नु नै परिपक्व राजनीतिक संस्कारको परिचायक मानिन्छ।

यही सन्दर्भमा नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टीभित्र देखिएको असन्तुष्टि अन्त्य गर्ने उद्देश्यले "सबैसँगै बढौं यसरी" शीर्षकमा सात बुँदे सहमतिको प्रस्ताव अघि सार्नुभएको थियो। यो प्रस्ताव कुनै एक पक्षको जित वा हारको दस्तावेज थिएन। बरु विशेष महाधिवेशनपछिको राजनीतिक यथार्थलाई स्वीकार गर्दै सबै पक्षलाई सम्मानपूर्वक समेट्ने, संवाद कायम गर्ने र पार्टीलाई विभाजनको दिशातर्फ जानबाट रोक्ने प्रयास थियो। तर विडम्बना, उक्त प्रस्ताव सार्वजनिक भएको विवरणअनुसार असन्तुष्ट पक्षबाट लामो समयसम्म कुनै औपचारिक प्रतिक्रिया नआउनु र त्यसको सट्टा प्रदेश-प्रदेशमा समानान्तर गतिविधि सञ्चालन हुनु स्वयंमा गम्भीर राजनीतिक प्रश्नको विषय बनेको छ।

विश्वप्रकाश शर्माको प्रस्तावको पहिलो बुँदाले नै मूल विवादको समाधान खोजेको थियो। विशेष महाधिवेशन, निर्वाचन आयोगको अद्यावधिक र सर्वोच्च अदालतको अन्तिम निर्णयलाई आत्मसात गर्दै विगतका विवादलाई बिर्सेर एकताबद्ध भएर अगाडि बढ्ने प्रस्ताव वास्तवमा लोकतान्त्रिक मूल्यको आधारभूत आग्रह थियो। यदि कसैलाई विशेष महाधिवेशनको प्रक्रिया वा परिणामप्रति असहमति छ भने त्यसलाई १५औँ महाधिवेशनको बन्दसत्रमा राजनीतिक एजेन्डाका रूपमा प्रस्तुत गर्न सकिने व्यवस्था प्रस्तावमा स्पष्ट गरिएको थियो। अर्थात् विरोधको अधिकार सुरक्षित राख्दै संस्थागत निर्णयको सम्मान गर्ने बाटो खुला राखिएको थियो। तर यस्तो लोकतान्त्रिक र विधिसम्मत प्रस्तावलाई स्वीकार नगरी पुनः शक्ति प्रदर्शनको राजनीति रोज्नु विधिभन्दा व्यक्तिलाई माथि राख्ने पुरानै प्रवृत्ति स्थापित गर्ने संकेत देखिएको छ।

दोस्रो बुँदामा क्रियाशील सदस्यता अध्यावधिकको विषय समेटिएको थियो। कुनै पनि राजनीतिक दलको मेरुदण्ड उसका सदस्यहरू हुन्। सदस्यता अद्यावधिक, संगठन विस्तार र महाधिवेशनको तयारीलाई प्रभावित बनाउने कुनै पनि गतिविधिले अन्ततः पार्टीलाई नै कमजोर बनाउँछ। यदि सदस्यता अभियानलाई लिएर



कार्यकर्तामाझ अन्योल, भ्रम वा अविश्वास सिर्जना गरिन्छ भने त्यसले संगठनात्मक क्षति पुऱ्याउँछ। लोकतान्त्रिक प्रतिस्पर्धा सदस्यता नवीकरण रोक्ने माध्यमबाट होइन, विचार र कार्यक्रममार्फत हुनुपर्छ।

तेस्रो बुँदामा लामो समयदेखि योगदान दिएका अग्रज नेताहरूलाई "वरिष्ठ नेता" का रूपमा सम्मानजनक भूमिका दिने प्रस्ताव थियो। यो प्रस्ताव विशेष गरी पूर्व सभापति, पूर्व उपसभापति, पूर्व महामन्त्री तथा पार्टीका अनुभवी नेताहरूलाई सम्मानपूर्वक समेट्ने उद्देश्यले ल्याइएको देखिन्छ। अर्थात् नयाँ नेतृत्वले पुरानो पुस्तालाई विस्थापित गर्न खोजेको होइन, अनुभव र ऊर्जा बीचको सहकार्य स्थापित गर्न खोजेको सन्देश यसमा निहित थियो। यस्तो प्रस्तावलाई अस्वीकार गर्नु भनेको सम्मानजनक सहअस्तित्वको अवसरलाई पनि अस्वीकार गर्नु हो । यो अस्वीकार गम्भीर प्रश्न नेतृत्वहरु माथी उठेको छ।

चौथो बुँदामा अझ उदार प्रस्ताव राखिएको थियो। विगतमा केन्द्रीय समितिमा रहेका वा नरहेका, जिम्मेवारी निर्वाह गर्न इच्छुक व्यक्तिहरूलाई सम्मानजनक रूपमा केन्द्रीय समितिमा समावेश गर्ने र कार्यसम्पादन समितिमा समेत उचित सहभागिता सुनिश्चित गर्ने प्रस्ताव गरिएको थियो। अर्थात् कुनै पनि पक्षलाई बहिष्कृत नगरी सबैलाई समेट्ने प्रयास गरिएको थियो। यति मात्र होइन, स्वतः प्रतिनिधित्वको पुरानो संस्कार अन्त्य गरी सबै नेता वडा तहबाटै निर्वाचित भएर आउनुपर्ने अवधारणाले संगठनभित्र लोकतान्त्रिक उत्तरदायित्वलाई बलियो बनाउने उद्देश्य राखेको थियो।

पाँचौँ बुँदामा निर्वाचन समिति, अनुशासन समिति तथा क्रियाशील सदस्यता व्यवस्थापन समितिमा सम्मानजनक सहभागिताको प्रस्ताव गरिएको थियो। यसले महाधिवेशन प्रक्रियामा सबै पक्षको विश्वास कायम राख्ने आधार तयार गर्न सक्थ्यो। लोकतान्त्रिक संस्थामा विश्वास निर्माणको सबैभन्दा प्रभावकारी माध्यम साझा सहभागिता हो। तर सहकार्यको यस्तो अवसरलाई उपयोग गर्नुको सट्टा पृथक शक्ति केन्द्र निर्माणमा ऊर्जा खर्च गर्नु संस्थागत संस्कारको दृष्टिले उचित मान्न सकिँदैन।

छैटौँ बुँदामा महाधिवेशन व्यवस्थापन समिति गठन गर्ने र सातौँ बुँदामा भ्रातृ तथा शुभेच्छुक संस्थाहरूमा योग्य र इच्छुक नेताहरूलाई जिम्मेवारी प्रदान गर्ने व्यवस्था प्रस्ताव गरिएको थियो। यसले स्पष्ट रूपमा सबै पक्षलाई पार्टी निर्माणको साझा अभियानमा सहभागी गराउने उद्देश्य राखेको देखिन्छ। अर्थात् प्रस्तावको कुनै पनि बुँदाले कसैलाई निषेध गरेको थिएन, बरु सबैलाई समेट्ने बाटो खोजेको थियो।

यति उदार, समावेशी र सहमतिमूलक प्रस्तावका बाबजुद यदि त्यसलाई स्वीकार नगरी समानान्तर भेला, शक्ति प्रदर्शन र गुटगत गतिविधिलाई प्राथमिकता दिइन्छ भने त्यसको राजनीतिक सन्देश के जान्छ ? कार्यकर्ताको मनमा यही प्रश्न उठिरहेको छ। पार्टीको आधिकारिक नेतृत्व, निर्वाचन आयोगको मान्यता, सर्वोच्च अदालतको निर्णय र सहमतिका लागि गरिएको प्रस्तावलाई समेत पर्याप्त नमान्ने हो भने अन्ततः कुन बिन्दुमा सहमति सम्भव हुन्छ ?

राजनीतिक दलभित्र फरक मत हुनु कमजोरी होइन। तर फरक मतलाई संस्थागत बहसको विषय बनाउने कि गुटीय ध्रुवीकरणको माध्यम बनाउने भन्ने कुरा नेतृत्वको परिपक्वतामा निर्भर हुन्छ। विगतमा नेपाली कांग्रेसले गुटगत राजनीतिका कारण धेरै राजनीतिक अवसर गुमाएको छ। जनताले कांग्रेसलाई पटकपटक दिएको जनादेश कमजोर हुनुको एउटा कारण आन्तरिक विभाजन पनि हो। त्यसैले इतिहासबाट पाठ सिकेर अगाडि बढ्नु आजको आवश्यकता हो।

विशेष गरी लामो समय नेतृत्वमा रहेका नेताहरूले आत्मसमीक्षा गर्न आवश्यक छ। पार्टीभित्र भागबण्डाको संस्कृतिलाई संस्थागत बनाउने, संगठनलाई व्यक्तिकेन्द्रित बनाउने र अवसरलाई सीमित घेराभित्र केन्द्रित गर्ने प्रवृत्तिबाट कांग्रेसले ठूलो मूल्य चुकाएको छ। आज नयाँ नेतृत्वलाई घेराबन्दी गर्नेभन्दा पनि सफल बनाउन सहयोग गर्नु अनुभवी नेताहरूको ऐतिहासिक जिम्मेवारी हो। किनकि नेतृत्व असफल हुँदा कुनै व्यक्ति मात्र असफल हुँदैन, सिंगो पार्टी कमजोर बन्छ।

आज कार्यकर्ताले चाहेको कुरा स्पष्ट छ–उनीहरू गुट होइन संगठन चाहन्छन्, भागबण्डा होइन विधि चाहन्छन्, शक्ति प्रदर्शन होइन जनतामुखी राजनीति चाहन्छन्। कार्यकर्ताले आफ्नो ऊर्जा व्यक्तिको वर्चस्व स्थापित गर्न होइन, कांग्रेसलाई राष्ट्रिय रूपमा पुनः बलियो बनाउन खर्च गर्न चाहन्छन्। त्यसैले नेतृत्वले पनि कार्यकर्ताको यही भावनालाई बुझ्न आवश्यक छ।

लोकतन्त्रमा व्यक्ति आउँछन् र जान्छन्। नेतृत्व परिवर्तन भइरहन्छ। तर संस्था स्थायी हुन्छ। यदि संस्थाभन्दा व्यक्ति ठूलो बन्न थाल्यो भने लोकतान्त्रिक संस्कार कमजोर बन्छ। नेपाली कांग्रेसको भविष्य कुनै एक नेता, कुनै एक समूह वा कुनै एक गुटको हातमा छैन। त्यो भविष्य विधि, विधान, संस्थागत निर्णय र लाखौँ कांग्रेसजनको सामूहिक विश्वासमा आधारित छ।

त्यसैले आजको मूल प्रश्न एउटै हो–के कांग्रेस विधि र विधानको मार्गमा अगाडि बढ्ने कि पुनः गुटगत शक्ति प्रदर्शनको पुरानो चक्रमा फस्ने ? यदि पार्टीलाई बलियो बनाउने हो भने उत्तर स्पष्ट छ। निर्वाचन आयोगले मान्यता दिएको, सर्वोच्च अदालतले वैधानिकता प्रदान गरेको र महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई काम गर्ने वातावरण दिनुपर्छ। असहमति भए विधानभित्र व्यक्त गर्नुपर्छ। आलोचना गर्नुपर्छ भने रचनात्मक रूपमा गर्नुपर्छ। तर कार्यकर्तालाई रनभुल्लमा पार्ने, संगठनात्मक प्रक्रियालाई प्रभावित बनाउने र व्यक्तिगत वर्चस्वको राजनीति गर्ने प्रवृत्ति अन्ततः कांग्रेसकै हितविरुद्ध जानेछ।

आजको आवश्यकता शक्ति प्रदर्शन होइन, विश्वास निर्माण हो। विभाजन होइन, एकता हो। व्यक्तिकेन्द्रित राजनीति होइन, संस्थागत लोकतन्त्र हो। र यही सन्देशलाई आत्मसात गर्न सके मात्र नेपाली कांग्रेसले आफ्नो गौरवपूर्ण इतिहासअनुसार भविष्य पनि निर्माण गर्न सक्नेछ।

*जय नेपाल।*

# फेल खायो शत्रु सिध्याउने नेतन्याहुको रणनीति



गिडियन राकमन

यसपालि इरान युद्ध सुरु हुँदा बेन्यामिन नेतन्याहुको ३० वर्षदेखिको सपना पूरा भएको थियो । प्रधानमन्त्री नेतन्याहुले दशकौँदेखि इरान इजरायलको अस्तित्वमाथिको खतरा भएको बताउँदै आएका थिए। अन्ततः गत फेब्रुअरी २८ मा उनले इरानमाथि ठूलो आक्रमण सुरु गरे। त्यसमाथि उनले यो युद्ध एक्लै होइन, अमेरिकासँग मिलेर शुरु गरेका थिए । नेतन्याहुको नजरबाट हेर्दा यो अझ राम्रो कुरा थियो ।

यो युद्धले इरानको सत्ता ढालिछाड्छ भनेर उनले डोनाल्ड ट्रम्पलाई हौस्याएका थिए। कम्तीमा पनि इजरायलविरुद्धको इरानी खतरा नष्ट गर्ने उनको चाहना थियो ।

तर, इरानमाथि आक्रमण ठिक उल्टो दिशामा गएको छ । इरानी सत्ता अझै दह्रोगरी आफ्नो आसनमा छ । उसले अझै पनि इजरायलमाथि क्षेप्यास्त्र हमला गरेर आफ्नो शक्ति प्रदर्शन गरिरहेको छ । इरान समर्थित हेजबुल्लाहले उत्तरी इजरायलमा गोलाबारी गरिरहेकै छ र लेबनानमा इजरायली फौजसँग लडाइँ पनि गरिरहेको छ । ट्रम्पसँग नेतन्याहुको निकट सम्बन्धमा तनाव समेत आएको छ ।

युद्धविरामका माझ इजरायलले दक्षिणी बेरुतमा हमला गरेको जवाफमा इरानले इजरायलमाथि क्षेप्यास्त्र हमला गऱ्यो। बदलामा इजरायलले इरानमाथि बमबारी गऱ्यो । ट्रम्पले त्यसलाई रोक्न प्रयास गरे । (त्यसयता अमेरिकाले पनि इरानमाथि आक्रमण गरिसकेको छ, जवाफमा इरानले अमेरिकी सैन्य अखडाहरूमा हमला गरेको छ) । नेतन्याहुले जे भन्यो, त्यही मानेको आरोप लागेपछि ट्रम्पले भनेका छन्, 'सबै निर्णय म लिन्छु, उनी लिँदैनन् ।'

नेतन्याहुसामु कठिन विकल्प छन् । इरान र हेजबुल्लाहमाथिको हमला रोक्दा उनी इरानी सत्ता र इजरायली जनताको नजरमा कमजोर देखिन सक्छन् । उता ट्रम्पलाई अटेर गरे अमेरिकासँगको गठबन्धन खतरामा पर्न सक्छ ।

हुन त इजरायली नेताहरू आफ्नो देश सार्वभौम मुलुक रहेको र आफ्नो प्रतिरक्षाको निर्णय आफैँ लिने गरेको दाबी गर्छन् । तर, यथार्थ के हो भने इजरायल अमेरिकी हतियार र हवाइ प्रतिरक्षा प्रणालीमा अत्यधिक निर्भर छ ।

इजरायलको द्विविधा बढ्नुको खास कारण के हो भने ट्रम्पले गर्न खोजेको शान्ति सम्झौताले इरानको आर्थिक अवस्थालाई अझ मजबुत पार्न सक्छ । ऊसँग बचेखुचेको आणविक क्षमता पनि हुनेछ । त्यसमाथि उसले सफलतापूर्वक हर्मुज जलमार्ग बन्द गरेर नयाँ र शक्तिशाली हतियार पनि फेला पारिसकेको छ । त्यस्तै, इरानले खाडी मुलुकहरूमा रहेका अमेरिकी सैन्य अखडा र पूर्वाधारमा पनि हान्न सक्छौँ भनेर देखाइसकेको छ । बदलामा अमेरिकाले इरानको सत्ता पल्टाउन नसकेकाले तेहरानको प्रतिरोधात्मक क्षमता अझ बढ्न पुगेको छ ।

हेजबुल्लाहविरुद्ध जस्तो सुकै कारबाहीगर्ने स्वतन्त्रता आफूलाई हुनुपर्ने नेतान्याहुको जोड छ । विगतमा हेजबुल्लाहले उत्तरी इजरायलबाट हजारौँलाई विस्थापित हुन बाध्य पारेको थियो । उता लेबनानमा इजरायली आक्रमणका कारण दस लाखभन्दा बेसी लेबनानीहरू आफ्नो घरबाट विस्थापित भएका थिए । गत साता ट्रम्पले नेतन्याहुलाई फोनमा गाली गर्दै लेबनानमा आक्रमण रोक्न निर्देशन दिएका थिए ।

लेबनानमा इजरायलका लागि नयाँ दलदल सिर्जना भइरहेको देखिन्छ । यो ठूलो रणनीतिक असफलताको एउटा हिस्सा मात्र हो । ७ अक्टोबर २०२३ मा हमासले आक्रमण गरेयता झण्डै तीन वर्ष इजरायल निरन्तर युद्धमा छ । गाजामा इजरायलले देखाएको बर्बरताले उसको अन्तर्राष्ट्रिय छवि ध्वस्त पारेको छ । अन्तर्राष्ट्रिय अदालत समेत इजरायलले नरसंहार मच्चाएको आरोपमा सुनुवाइ गर्न राजी भएको छ ।

यति हुँदाहुँदै पनि आफूले इजरायललाई जिततर्फ डोहोऱ्याइरहेको नेतन्याहुको दाबी छ । गत सेप्टेम्बरमा राष्ट्रसंघमा उनले हमासको 'आतंकको यन्त्र' ध्वस्त पारिसकेको, हिजबुल्लाहलाई थला पारिसकेको र इरानको आणविक तथा क्षेप्यास्त्र कार्यक्रम नष्ट पारिसकेको गफ लडाए ।

तर, उनका यी दाबीहरू हावादारी देखिँदैछन् । हमास अझै गाजामा सक्रिय छ। हेजबुल्लाह लेबनानमा अझै शक्तिशाली नै छ । र, इरानको इस्लामिक सत्ताले क्षेप्यास्त्र र ड्रोनका भरमा अझै पनि विनाश गर्न सक्छ ।

हरेक मामिलामा नेतन्याहुले उही गल्ती दोहोऱ्याए । इजरायलको सुरक्षा समस्या समाधान गर्न उनले सैन्य बाटो रोजे । ती समस्याको राजनीतिक र कूटनीतिक पक्षलाई पूर्ण रूपमा बेवास्ता गरे। इजरायलले हेजबुल्लाह, इरानी र हमास नेताहरूको हत्या गऱ्यो । यो इजरायली सेना र गुप्तचर निकायको कार्यनीतिक सफलता थियो । तर, नेतन्याहुले यसलाई यो इजरायल थप सुरक्षित बन्दै गएको प्रमाणका रूपमा पेस गरे ।

तर, यतिबेला स्पष्ट भइसकेको हुनुपर्छ- इजरायलले मारेर, सिध्याएर आफ्नो देशको सुरक्षा हासिल गर्न सक्दैन । गाजा, बेरुत वा तेहरानमा नेताहरूको एउटा समूह मारिए तिनको ठाउँ लिन अर्को समूह जन्मिनेछन् ।

यो द्वन्द्वको असली कारण खोजेर त्यसलाई निर्मुल गर्न कठिन छ । त्यो भन्दा इजरायलका दुश्मन बेवकुफ कट्टरपन्थी हुन्, उनीहरूलाई मारेर सिध्याउनुपर्छ भन्नु नेतन्याहुका लागि राजनीतिक र बौद्धिक रूपले सजिलो हुन्छ । फलस्वरूप इजरायलीहरूले के बुझ्न अस्वीकार गरेका छन् भने आफूमाथि बम बर्साइएपछि, हत्या गरिएपछि अधिकांश प्यालेस्टिनी, लेबनानी र इरानीले पनि उसैगरी जवाफ दिनेछन्, जसरी अक्टोबर ७ को आक्रमणपछि इजरायलले जवाफ दिएको थियो। आत्मसमर्पण होइन, अझ भयंकर लडाइँ लडेर ।

जसले यस्तो तर्क गर्छ, नेतन्याहु उनीहरूलाई आतंकवादीसँग सहानुभूति राखेको आरोप लगाउँछन् । यही तरिकाले उनले विपक्षीको मुख थुन्दै आएका छन् ।

इजरायलका शत्रुविरुद्ध पूर्ण युद्ध सुरु गरेर नेतन्याहुले आफ्नो प्रतिष्ठा कायम राख्ने र राजनीतिक भविष्य सुरक्षित गर्ने योजना बनाएका थिए । इरानमाथि विजय भएको भए त्यो उनको सबैभन्दा ठूलो सफलता हुने थियो । अन्तिम शत्रुमाथि अन्तिम जित। त्यो पनि चुनावको वर्ष ।

तर, त्यसो भएन । आफ्ना शत्रु जीवित र बलियो हुँदाहुँदै उनी चुनावमा जाँदैछन् । अर्कोतिर सम्पूर्ण पश्चिमा जगत र ह्वाइट हाउसमा समेत इजरायलप्रतिको समर्थन घट्दो छ । इजरायलको चुनावमा सधैँ निकट प्रतिस्पर्धा हुन्छ । त्यसैले नेतन्याहुले हार्छन्, हार्दैनन्, प्रस्ट छैन । तर, यो चुनावमा सुरक्षा प्रमुख मुद्दा बन्ने पक्का छ । र, नेतन्याहुको भिजन असफल भइसकेको छ। उनी हार्नलायक छन् । (फाइनान्सियल टाइम्सबाट)



# निजामती सेवामा समावेशी समूहको दुईतिहाई प्रतिनिधित्व भएको छ

*लोक सेवा आयोगले मुलुकको सार्वजनिक प्रशासनमा योग्यता, निष्पक्षता र प्रतिस्पर्धाका आधारमा सक्षम जनशक्ति छनोट गर्दै आएको छ । आयोगले गर्दै आएका कार्यले सार्वजनिक सेवामा दक्ष जनशक्ति व्यवस्थापन, प्रविधिमैत्री परीक्षा प्रणाली, समावेशी प्रतिनिधित्व तथा सेवा प्रवाहको प्रभावकारितासम्बन्धी विषय महत्वपूर्ण बनेका छन् । त्यसैले आयोग सुशासन, समावेशीता र व्यावसायिक निजामती सेवाको आधारस्तम्भका रूपमा स्थापित छ ।*

*लामो प्रशासनिक अनुभव भएका लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीको नेतृत्वमा आयोगले सार्वजनिक सेवा प्रवेश प्रणालीलाई थप पारदर्शी, विश्वसनीय र आधुनिक बनाउने दिशामा विभिन्न सुधारका प्रयास अघि बढाइरहेको छ । यही सन्दर्भमा आयोगले आगामी असार १ गते आफ्नो स्थापनाको ७६ औँ वार्षिकोत्सव मनाउँदैछ । वार्षिकोत्सवका सन्दर्भमा आयोगका उपलब्धि, चुनौती, प्रशासनका क्षेत्रमा देखिएका अवसर र सुधारलगायत विषयमा राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता भीष्मराज ओझाले अध्यक्ष रेग्मीसँग गर्नुभएको कुराकानीको सम्पादित अंश :*



## माधवप्रसाद रेग्मी

### अध्यक्ष लोक सेवा आयोग

**संघीय शासन प्रणाली कार्यान्वयन भएको करिब एक दशक भयो । यस अवधिमा कर्मचारी व्यवस्थापन र पदपूर्तिको अवस्थालाई लोक सेवा आयोगले कसरी मूल्याङ्कन गरेको छ ?**

- मुलुकमा हालसम्म जारी भएका सबै संविधानले आयोगको सम्बन्धमा व्यवस्था गरेको छ । नेपालको अन्तरिम संविधान २००७ अनुसार २००८ साल असार १ गते आयोगको स्थापना भएको हो । सबै संविधानले आयोगलाई निजामती सेवाको पदपूर्तिको जिम्मेवारी दिएको छ ।

नेपालको संविधान जारी भएपछि आयोगको जिम्मेवारी, अधिकार र भूमिका बढेको छ । यस संविधानले मुलुकको जेठो संवैधानिक निकाय आयोगलाई सङ्गठित संस्था र सुरक्षा निकायको पनि पदपूर्तिको सबै जिम्मेवारी प्रदान गरेको छ । त्यसअनुसार हामीले निजामती सेवासँगै चारवटै सुरक्षा निकाय, ७४ सङ्गठित संस्थाको पनि पदपूर्तिसम्बन्धी कार्य गरिरहेका छौँ । विभिन्न १०८ सङ्गठित संस्थाको विनियमावली स्वीकृत गरेर परामर्श दिएका छौँ । १०७ संस्थामा हाम्रो प्रतिनिधि छन् ।

संघीय शासन प्रणाली अपनाएको संविधानमा प्रदेश लोक सेवा आयोगको व्यवस्था छ । संविधानअनुसार प्रदेश लोक सेवा आयोगहरुले प्रदेश र स्थानीय तहका कर्मचारीको पदपूर्तिको काम गर्दै आएको छ । त्यो बाहेक सङ्घीय सरकारका केन्द्रदेखि स्थानीय तहसम्मका कर्मचारीको पदपूर्तिको काम लोक सेवा आयोग र यस मातहतका १४ कार्यालयबाट सञ्चालन हुँदै आएको छ ।

**प्रदेश र स्थानीय तहमा हालसम्म दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको गुनासो छ । यसको मुख्य कारण के हो ? समस्या कसरी समाधान गर्नुहुन्छ ?**

-म आफैँ प्रशासन सुधार कार्यान्वयन आयोगको सदस्य हुँदा संविधानको कार्यसूचीमा रहेको अधिकारअन्तर्गत तीनवटै तहका सरकारमा कर्मचारीको संख्या यकिन गरिएको थियो । हामीले संघमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारीको दरबन्दी आवश्यकता पर्ने प्रतिवेदन तयार गरेका थियौँ तर अहिले सबै तहका गरी मुलुकभर करिब एक लाख ५० हजार निजामती कर्मचारी छन् ।

प्रदेश र स्थानीय तहमा दरबन्दीअनुसार पदपूर्ति नहुनुको कारण पहिले नै कर्मचारीको सङ्ख्या धेरै रहेको वा स्थानीय तहमा लामो समयदेखि ठूलो संख्यामा रहेका अस्थायी, करार र ज्यालादारी कर्मचारीका कारण पनि प्रदेशबाट नियमित पदपूर्ति नभएको हुन सक्छ ।

विसं २०७५ मा प्रदेश लोक सेवा आयोग गठनका लागि आधार तथा मापदण्ड निर्धारणसम्बन्धी कानुन बनेपछि प्रदेश आयोग २०७६/७७ मा स्थापना भएको हो । प्रदेश लोक सेवा आयोग प्रारम्भिक चरण भएकाले वा आवश्कतानुसार माग पनि नआएकाले पनि त्यस्तो भएको हुनसक्छ । यसमा चुनौती समाधानका लागि प्रदेश र स्थानीय सरकारबाट पारदर्शी रुपमा दरबन्दीअनुसारको पदपूर्तिका लागि माग आउनुपर्छ ।

**लोक सेवा आयोगको परीक्षा प्रणालीलाई 'डिजिटल' बनाउन आयोग कसरी जुटेको छ ?**

- आयोगले परीक्षा प्रणालीमा सुधार गर्दै प्रविधिमा फड्को मारेको छ । फाराम लिने र दस्तुर बुझाउने व्यवस्था अनलाइनबाटै सेवा प्रवाह गरेका छौँ । अब यसैका लागि बैंक र आयोगमा लाइन लागिरहनु पर्दैन । हामी 'पब्लिक सर्भिस कमिसन रिक्रुटमेन्ट मेनजमेन्ट सिष्टम' (पिएसआरएमएस) सफ्टवेयरमार्फत नागरिकता, विश्वविद्यालयका प्रमाणपत्रमा आबद्ध हुने काम गरिरहेका छौँ । प्रशिक्षार्थीलाई परीक्षा केन्द्रसमेत पनि अनलाइनमा आउने व्यवस्था गरेका छौँ ।

यसका साथै सबै निकाय डिजिटल र प्रविधिमैत्री हुँदैमा विकास हुने भने होइन, कतिपय संस्था आफ्नो इज्जत, मर्यादा र कामकारबाही पुरानो प्रविधिलाई मर्मत गरेको कारण पनि विश्वास कायमै राख्न सफल भएका छन् । त्यस्ता संस्थालाई प्रविधिको नाममा डिजिटलाइज्ड गरेर यसको जोखिममा आयोग पनि बिना तयारी जानुपर्छ भन्ने मलाई लाग्दैन ।

**संविधानको समावेशी व्यवस्थाले राज्य संरचनामा कस्तो प्रतिनिधित्व बढाएको छ ? यस सम्बन्धमा आयोगसाग के तथ्यांक र अनुभव छन् ?**

-नेपालमा समावेशिताको अवधारणा खासगरी २०६४ सालदेखि आएको हो र यो प्रावधान सुरुआत गर्दा १० वर्षमा पुनरवलोकन गर्ने भनिएको थियो तर हालसम्म त्यसको कुनै पुनरवलोकन भएको छैन ।

समावेशीताको माध्यमका नेपालका जाति, वर्ग, क्षेत्र, सम्प्रदाय र भूगोलका धेरै व्यक्तिहरुको निजामती सेवामा प्रतिनिधित्व भएको छ । तथ्यांकको कुरा गर्ने हो भने समावेशी सुविधाबाट २६ हजारभन्दा बढी कर्मचारी नियुक्त भइसकेका छन् । यस बाहेक थप समावेशी समूहका ११ हजार व्यक्तिको खुला प्रतिष्पर्धाका आधारमा निजामती सेवामा प्रतिनिधित्व भएको छ ।

सरसर्ती हेर्दा मुलुकको निजामती प्रशासनमा अहिले समावेशी समूहको लगभग दुई तिहाई प्रतिनिधित्व भएको छ भने असमावेशी समुहका कर्मचारीको एक तिहाई प्रतिनिधित्व छ ।

**परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सिफारिस प्रक्रियालाई अझ छिटो, पारदर्शी र विश्वसनीय बनाउन आयोगले कस्ता सुधार गरेको छ ?**

-हामीले निरन्तर सुधारका कार्य जारी राखेको छौँ । सार्वजनिक क्षेत्रमा वर्षेनी दरखास्त दिनेको संख्या ठूलो मात्रामा बढ्दो छ । सबै तहका उम्मेदवारको एउटै मापदण्डबाट मूल्याङ्कन हुँदा मूल्यांकनमा एकरुपता ल्याउन कठिन भइरहेको छ । त्यसैले निजामती सेवामा पूर्वयोग्यता परीक्षा सञ्चालन गरेर त्यसमा उत्तीर्ण भएकाहरुको मात्र मूल परीक्षा सञ्चालन हुने प्रावधान छ ।

यही प्रयोग गत वर्षदेखि सङ्गठित संस्थामा चौथौ तह (खरिदार सरह) मा पनि सुरुआत गरेका छौँ । गत वर्ष पहिलो पटकको भएको चौथो तहको पूर्वयोग्यता परीक्षामा ९० हजार जनाले फाराम भरेका थिए । त्यसमध्ये ६० हजार परीक्षामा समावेश भएकामा २० हजार उत्तीर्ण भएका थिए । यस्ता पूर्वयोग्यता परीक्षा पास गरेका परीक्षार्थीको अनुमति पत्र एक वर्षसम्म कायम रहने र एक वर्षभरि कुनै पनि संगठित संस्थामा मूल परीक्षा दिन पाइने व्यवस्था सुविधा रहेको छ ।

यस प्रणालीको अर्को लाभ भनेको पूर्वयोग्यता परीक्षा दिनका लागि काठमाडौँ आउनुपर्दैन आयोगले आफ्ना १४ कार्यालयबाट जनताको घरदैलोमा त्यस्तो परीक्षा सञ्चालन गर्ने गरेको छ । यसले परिक्षार्थीको सङ्ख्यामा पनि व्यवस्थापन गर्न सहज हुने र पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका परीक्षार्थीबीचमा मात्रा परीक्षा गर्दा गुणस्तरीय परीक्षण हुने हाम्रो विश्वास छ । यो वर्षदेखि सबै सङ्गठित संस्थाका लागि अधिकृत, नायब सुब्बा र खरिदार सरहका लागि पनि प्रारम्भिक परीक्षा सुरु गर्दैछौँ ।

**लोक सेवा आयोगको संवैधानिक स्वतन्त्रता र निष्पक्षतामाथि कुनै प्रकारको दबाब वा चुनौती महसुस भएको छ ?**

- सबैलाई स्पष्ट छ, लोक सेवामा भनसुन लाग्दैन । योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्म कायम राख्नेगरी संविधानबमोजिम सपथ लिएका हामी आयोगका पदाधिकारी संवैधानिक दायित्वअन्तर्गत कार्यसम्पादन गर्छौं ।

**सार्वजनिक प्रशासनलाई सक्षम बनाउन आयोगका प्राथमिकता के छन् ?**

- आयोग निरन्तर सुधारका प्रक्रियामा अघि बढेको छ, परीक्षा प्रणालीमा सामयिक सुधार गर्दै आएका छौँ, पाठ्यक्रम परिमार्जन निरन्तर जारी छ, वृत्ति विकास केन्द्रित पाठ्यक्रमका लागि पनि धेरै काम गरिरहेका छौँ । यसमा पनि हामीले अब दक्षता र विज्ञताका लागि सम्बन्धित सेवाको कर्मचारीले आन्तरिक प्रतिस्पर्धामा आफ्नो समूहमा मात्र परीक्षा दिन पाउने गरी व्यवस्था गर्न लागेका छौँ ।

यो न्याय सेवामा सुरु भएको छ । गत वर्षदेखि हामीले इन्जिनियरिङ सेवाको सिभिल समूहमा पनि लागु गरेका छौँ । यसका साथै हामीले विगतको कुनै व्यक्तिको काम कारबाही र अहिलेको उसको अन्तरवार्ता र प्रस्तुतीकरणका आधारमा भविष्यमा यो कर्मचारीले कस्तो गर्न सक्छ भने अनुमान गर्न 'एसेसमेन्ट सेन्टर मेथडोलोजी' (एसिएम) भन्ने विश्वमा विकसित पद्धतिलाई परीक्षा प्रणालीमा अपनाएका छौँ ।

**आयोगले पदपूर्तिका विभिन्न प्रक्रिया पूरागरी योग्य र सक्षमलाई सिफारिस गर्छ । कतिपय कर्मचारी सेवा प्रवेशको सुरुमा नै अनियमितताामा मुछिने गरेका छन् । यसलाई नियन्त्रण गर्न के गर्नुपर्ला ?**

- आयोगले कुनै पनि व्यक्तिलाई परीक्षण गर्ने भनेको १० प्रतिशत जति मात्रै हो । यसलाई 'आइसबर्ग मोडेल' पनि भनिन्छ । हामीले विश्वव्यापी परीक्षण प्रविधि र विधि अध्ययन अवलोकन गरी पदपूर्ति गरिरहेका छौँ तर व्यक्तिको १० प्रतिशत मात्र परीक्षणबाट ९० प्रतिशत विचार, दृष्टिकोण र सोचका विषयको आकलन गर्न सकिदैन ।

कतिपय विषय व्यक्तिको पारिवारिक पृष्ठभूमि, रहनसहन तथा संस्कार र संस्कृतिले पनि राष्ट्र र समाजप्रति समर्पित छ कि छैन भन्ने कुरामा निर्भर हुन्छ । अर्को कुरा उसले कुन संस्थामा गएर काम गर्यो, त्यो संस्थाको सङ्गठनात्मक संस्कृति कस्तो छ, सुविधा कस्तो छ, परिवारलाई पालनपोषण गर्ने सुविधा या आर्थिक जोहो छ वा छैन, यावत कुराले व्यक्तिको इमान्दारी र निष्ठा निर्धारण हुन्छ । त्यसैले व्यक्तिको इमान्दारी, विवेक र सोच तथा शैली उसको सांस्कृतिक आधारमा निर्धारण हुने भएकाले घरपरिवारमा नैतिकताको शिक्षा अपरिहार्य हुन्छ ।

**आयोगको सिफारिसअनुसार कर्मचारी नपठाइने वा पदपूर्तिमा ढिलाइ हुने प्रवृत्ति पनि सुनिन्छ । यसलाई आयोगले कसरी लिएको छ ?**

-आयोगलाई सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले यति पद रिक्त छन्, विज्ञापन गरिदिनुपर्यो भनेर आयोगमा मागपत्र प्राप्त भएपछि मात्र प्रक्रिया प्रारम्भ हुन्छ । तालिकाअनुसार हामी विज्ञापन प्रकाशन गर्छौं । अब कुनै निजामती, सङ्गठित संस्था, सुरक्षा निकाय, विश्वविद्यालयले पद नै लुकाएर विज्ञापनको लागि पठाएको छ भने त्यो हामीलाई ज्ञात हुने विषय होइन ।

त्यसको लागि सम्बन्धित निकाय नै जिम्मेवार हुनुपर्छ । त्यहीका कर्मचारीहरुले नै आफ्नो संस्थामा के कस्तो अवस्था छ, निरन्तर जानकारी लिएर ध्यानाकर्षण गराउन पहलकदमी लिनुपर्छ । आयोगमा आइसकेपछि अदालती प्रक्रिया तथा यदाकदा र प्रतिकूल परिस्थितिमा ढिलो हुने बाहेक आयोगको परिक्षा, परिक्षण र सिफारिसमा कुनै ढिलाई हुँदैन । निर्वाचन, महामारीजस्ता कठिन अवस्थामा मात्र तालिका केही प्रभावित भएको छ, अन्यथा हामी समयमै पदपूर्ति प्रक्रिया सम्पन्न गर्छौं ।

**निजामती सेवामा प्रवेश गर्न चाहने नयाा पुस्तालाई तपाईको सन्देश छ ?**

- आयोगको माध्यमबाट हामीले निजामती सरकारी, संगठित संस्था, सुरक्षा निकाय र विश्वविद्यालयको सेवाका परीक्षा नियमित रुपमा सञ्चालन गरिराखेका छौं । लोकसेवा आयोगको माध्यमबाट सार्वजनिक सेवामा प्रवेश गर्नको लागि सबै नेपाली नागरिकलाई समान अवसर प्राप्त छ । समान अवसरमा आउन नसक्ने समावेशी समूहको लागि समावेशी समूहको सुविधा पनि छदैछ । आफूलाई अपडेट गरेर जहिले पनि निरन्तर लागिरहे आयोगको माध्यमबाट यो सेवामा प्रवेश गरेर मुलुकको सेवा गर्नको लागि र आफुलाई योग्य प्रमाणित गर्नको लागि म सबैलाई आग्रह र आह्वान पनि गर्दछु । मुलुकको सेवा गर्ने र वृत्ति विकासका लागि सार्वजनिक सेवा उत्तम माध्यम हो ।

लोकसेवा आयोगमा प्रतिस्पर्धा ठुलो संख्यामा हुन्छ, सिट सिमित हुन्छ त्यसो भएको हुनाले पास हुने भन्दा फेल हुनेको संख्या धेरै हुन्छ, जुन स्वाभाविक रुपमा राम्रो कुरा चाहिँ होइन । प्रतिस्पर्धामा योग्य र सक्षमले सार्वजनिक प्रशासनमा सेवामा सलग्न होऊन भन्ने आयोगको सोचाई हुन्छ । तर दशौं बिसौं पटक आयोगको परिक्षामा अल्झिरहेर जीवनमा विकल्पको बाटो पनि नखोजेर यतै मात्रै निरन्तर लागिरहनु र दुःख पाउनु चाहिँ उपयुक्त हो जस्तो मलाई लाग्दैन । त्यस्ता व्यक्तिहरूले आफ्नो ल्यागतलाई बेलैमा विचार गरेर वैकल्पिक उपाय र रोजगारीको खोजी गर्नु पनि बुद्धिमत्तापूर्ण निर्णय हो जस्तो मलाई लाग्छ ।

**अहिले निजामती सेवालाई चुस्त बनाउन एक पटकका लागि ५५ वर्ष उमेर वा ३० वर्षे सेवा अवधि पूरा गरेकालाई अवकाश दिने गरी कानुन ल्याउने चर्चा छ । तपाई के भन्नुहुन्छ ?**


- यस सम्बन्धमा सरकारले हामीलाई कुनै जानकारी नदिएकाले केही भन्न मिल्दैन । हामीले पनि मिडियाबाट सुनेका हौँ ।

**अन्त्यमा, तपाईलाई अझ केही भन्नु छ ?**

- यो वर्ष आयोग आफ्नो स्थापनाको ७६औँ वार्षिकोत्व मनाउँदै छ । गत वर्ष सुरु भएको हीरक महोत्सवको समापनका भोलि असार १ गते हुने छ । पब्लिक सर्भिस कमिसन आउटरिच प्रोग्राममार्फत हामीले हरेक प्रदेशमा विद्यार्थीहरुलाई नेटवर्किङ गरेर आफ्ना सन्देशहरु प्रवाह गरेका छौँ । सङ्गठित संस्थामा पदपूर्तिलाई प्रभावकारी बनाउन क्लस्टरअनुसार परीक्षा प्रणाली बनाउने गरी प्रक्रियाको थालनी गरेका छौँ । यसका लागि सङ्गठित संस्थामा प्रमुख र प्रशासन प्रमुखहरुको बैठक राखेर छलफल गरेका छौँ ।

कतिपय साना सङ्गठित संस्थामा नयाँ जनशक्ति केही समय काम गर्ने फेरि अर्को संस्थामा गइरहने प्रवृत्ति छ । यो मानवीय प्रवृत्ति र व्यक्तिगत स्वतन्त्रता पनि हो । संविधान, ऐन, कानुनले रोक नलगाएसम्म यसलाई रोक्न नसकिने भएकाले निजामती जस्तै सङ्गठित संस्थाका पनि एउटा श्रेणी वा तहमा प्रवेश गरेका कर्मचारी सोही संस्थामा वृत्ति विकास गर्न सकुन् भनी व्यवस्थित गर्न लागेका छौँ । लोकसेवाको पदपूर्ति प्रक्रिया खर्चिलो रहेको सानो स्रोत साधन हुने सङ्गठित संस्थालाई लोकसेवा आयोगका धेरै परीक्षा धान्न कठिन हुने भएकाले यसलाई व्यवस्थित गर्न सम्बन्धित पक्ष मिलेर लाग्नुपर्छ ।

## युवा विदेश जान अब बाध्य हुँदैन: अर्थमन्त्री वाग्ले




काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी पाँच वर्षमा युवाले अब आफ्नो सपना पूरा गर्न विदेशिनै पर्ने बाध्यता अन्त्य हुने बताउनुभएको छ ।

काठमाण्डुमा आइतबार आयोजित राष्ट्रिय युवा उद्यमशीलता सम्मेलन, २०८३ मा अर्थमन्त्री डा वाग्लेले आगामी वर्षको बजेटमार्फत युवालाई स्वदेशमै रोजगारी, शिक्षा र अन्य अवसरको पर्याप्त अवसर सृजना गरिने बताउनुभयो । उहाँले देशका युवा आफ्नो सपना पूरा गर्न विदेशिनैपर्ने बाध्यता अन्त्य हुनुपर्ने बताउँदै भन्नुभयो, "अब त्यस्तो स्थिति आउन नदिन जग बसाल्न बजेटबाट नीतिगत पहल सुरु गरेका छौँ । बजेटको कार्यान्वयनले त्यसको बाटो समात्छ ।" देशभरका युवा उद्यमीलाई सम्बोधन गर्दै अर्थमन्त्री डा वाग्लेले करमा सहुलियत, बक्यौता उल्झनमा रहेका उद्यमी र व्यवसायीलाई छुटको सहुलियत, सरकारी प्रशासनको डिजिटलाइजेसन र सुशासनका एजेन्डा कार्यान्वयनले देश निर्माणको नयाँ बाटामा अघि बढ्ने जनाउनुभयो ।

बजेटमा करको दर घटाएर रु एक लाखसम्म कमाउने युवालाई महत्वपूर्ण सहुलियत दिएर करको झन्झटबाट मुक्ति दिइएको उहाँको भनाइ थियो । अर्थमन्त्री डा वाग्लेले त्यसको फाइदा लिन सबैलाई आग्रह गर्नुभयो । बजेट बनाउँदा युवाको उद्यमशील सोच र योजनालाई फैलाउने गरी धेरै सोचिएको र त्यसैअनुसारका कार्यक्रम घोषणा भएका उहाँले बताउनुभयो । रासस

## परराष्ट्रमन्त्री बेइजिङमा विभिन्न कार्यक्रममा सहभागी

काठमाण्डु । चीनको चारदिने औपचारिक भ्रमणमा जानुभएका परराष्ट्रमन्त्री शिशिर खनाल बेइजिङमा विभिन्न कार्यक्रममा सहभागी हुनुभएको छ ।

परराष्ट्रमन्त्री खनाल चीनको विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको राजनीतिक ब्युरो सदस्य वाङ यीको सौहार्दपूर्ण निमन्त्रणामा आज बिहान बेइजिङ पुग्नुभएको हो । उहाँलाई बेइजिङ क्यापिटल अन्तरराष्ट्रिय विमानस्थलमा बेइजिङस्थित नेपाली राजदूतावासका कार्यवाहक राजदूत श्रीमती रोशन खनाल तथा चीनको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले स्वागत गर्नुभएको थियो ।

आज अपराह्न परराष्ट्रमन्त्री खनाल उहाँको सम्मानमा नेपाली राजदूतावासद्वारा आयोजित स्वागत समारोहमा सहभागी भई नेपाली समुदायसँग अन्तरक्रिया गर्नुभएको दूतावासले जनाएको छ । कार्यक्रममा उहाँले वर्तमान सरकारका प्राथमिकता सुशासनको संस्थागत विकास, आर्थिक विकास तथा समृद्धिमा केन्द्रित रहेको उल्लेख गर्नुभयो । साथै उहाँले नेपाली समुदायलाई मुलुक समृद्धिको अभियानमा सहभागी हुन पनि आह्वान गर्नुभयो ।

यसअघि परराष्ट्रमन्त्री खनालले राजदूतावास परिसरमा बिरुवा रोप्नुभएको थियो । साथै, उहाँले कार्यवाहक राजदूत तथा अन्य अधिकारीबाट राजदूतावासको कार्यसम्पादन र प्राथमिकताबारे जानकारी लिनुभएको थियो । मन्त्री खनालले चीनमा नेपालको हित प्रवर्द्धन गर्न तथा नेपाली नागरिकलाई प्रभावकारी सेवा प्रदान गर्न राजदूतावासका अधिकारीहरुलाई निर्देशन दिनुभएको थियो । रासस

## प्रतिनिधिसभामा असार १ र २ गते मन्त्रालयगत विनियोजन शीर्षकमाथि छलफल हुने

काठमाण्डु । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८३ अन्तर्गत मन्त्रालयगत विनियोजन शीर्षकमाथि आगामी असार १ र २ गते छलफल हुने भएको छ । मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको आगामी असार ३ र ४ गते सम्बन्धित मन्त्रीले जवाफ दिने कार्यक्रम तय भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ ।



असार १ गते युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ(ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफल हुनेछ ।

असार २ गते विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपतिरराष्ट्रपतिकोकार्यालयको विनियोजन शीर्षकमाथि छलफल हुने सचिवालयले जनाएको छ ।

असार ३ गते युवा, श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि, वन तथा पर्यावरण, सूचना तथा सञ्चार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा खाद्य स्वच्छता, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रीले मन्त्रालयगत छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनुहुनेछ ।

यस्तै असार ४ गते विज्ञान, प्रविधि तथा नवप्रवर्तन, कानुन, न्याय तथा संसदीय मामिला, पूर्वाधार विकास, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, परराष्ट्र, अर्थ र रक्षा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले दिने कार्यक्रम तय भएको छ ।

सरकारले यही जेठ १५ गते आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गरेको थियो । प्रतिनिधिसभामा यसअघि बजेटमाथिको सामान्य छलफल सम्पन्न भई अर्थमन्त्री डा स्वर्णिम वाग्लेले जवाफ दिइसक्नुभएको छ । रासस

# बंगलादेशका पूर्व प्रहरी प्रमुख अहमद दुबईबाट पक्राउ

रासस/एएफपी। बंगलादेशका पूर्व प्रहरी प्रमुख बेनजिर अहमदलाई दुबईबाट पक्राउ गरिएको छ। उहाँविरूद्ध इन्टरपोलको खोजीको सूचीमा निवेदन परेको थियो।

कुनै समय पूर्व निरंकुश नेता शेख हसिनाको नजिकको सहयोगी रहेकी बेनजीरले सन् २०२४ को मे महिनामा देश छाड्नुभएको थियो।

'र्यापिड एक्सन बटालियन' नामक अर्धसैनिक बलको नेतृत्व गरेका उहाँलाई सयौँ बेपत्ता र गैरन्यायिक हत्यामा कथित भूमिकाको लागि संयुक्त राज्य अमेरिकाले सन् २०२१ मा उहाँलगायत केही बङ्गलादेशी अधिकारीविरुद्ध प्रतिबन्ध लगाएको थियो।

"पूर्व प्रहरी प्रमुख अहमदलाई जुन १२ मा पक्राउ गरिएको र छिट्टै सुपुर्दगी गरिने छ," बङ्गलादेशका गृहमन्त्री सलाहुद्दीन अहमदले संसदलाई बताउनुभयो।

अहमद्विरुद्ध इन्टरपोलको 'रेड नोटिस' जारी गरिएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "यो ऐतिहासिक उपलब्धि हो। यी प्रयासहरूको माध्यमबाट हामी दण्डहीनताको संस्कृतिलाई तोड्न सक्षम हुनेछौँ," सलाहुद्दीन अहमदले भन्नुभयो।



उहाँले थप्नुभयो, "हामी राष्ट्रलाई आश्वस्त पार्न चाहन्छौं कि कुनै पनि अपराधी, जतिसुकै शक्तिशाली भए पनि, कानूनभन्दा माथि छैन।"

सन् २०२४ अगस्टमा विद्यार्थीहरूको नेतृत्वमा भएको विद्रोहले प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि उहाँ निर्वासनमा रहँदै आउनुभएको छ।

# पेरुमा वामपन्थी राष्ट्रपतिको उम्मेदवार सान्चेजको पक्षमा विशाल प्रदर्शन



रासस/एएफपी। राष्ट्रपतीय निर्वाचनका लागि भएको मतगणनाको आंशिक परिणामले दक्षिणपन्थी प्रतिद्वन्द्वी केइको फुजिमोरीको सामान्य अग्रता देखाएपछि पेरुका वामपन्थी राष्ट्रपति पदका उम्मेदवार रोबर्टो सान्चेजका सयौँ समर्थकले शनिबार लिमामा विरोध प्रदर्शन गरेका छन्।

गत आइतबार सम्पन्न दोस्रो चरणको मतदानको ९८.५ प्रतिशत मतपत्रहरू गणना गरिसक्दा करिब एक प्रतिशत बिन्दुको अन्तर देखिएको छ।

फुजिमोरीले ५०.०५ प्रतिशत मत प्राप्त गर्नुभएको छ भने सान्चेजले ४९.९५ प्रतिशत मत प्राप्त गर्नुभएको छ। एक करोड ८० लाखभन्दा बढी मतपत्र गणना हुँदा फुजिमोरी सान्चेजभन्दा १८ हजार ५०० मतले अगाडि हुनुहुन्छ।

सान्चेजले शुक्रबार फुजिमोरीलाई राजधानी लिमामा अनियमितता भएको र विदेशबाट मतदान भएको आरोप लगाउँदै पुनः मतगणनाका लागि संयुक्त आवेदन गर्न सुझाव दिनुभएको छ।

शनिबार लिमा शहरमा सान्चेजको समर्थनमा भेला भएको भीडले 'पेरूबासीको न्याय र सम्मानका लागि, फुजीमोरी कहिल्यै स्वीकार्य हुनेछैन' भन्ने नारा लगाउँदै शहरका विभिन्न भागमा प्रदर्शन गरेको छ।

उनीहरूले निर्वाचन अदालत, राष्ट्रिय न्यायाधिकरणको मुख्यालय परिसरबाहिर पनि नाराबाजी गरेका थिए।

"यहाँ विजेता सान्चेज भएको र हामी यो न्यायालयले लोकप्रिय मत र जनताको इच्छाको सम्मान गरोस् भनेर मागसहित प्रदशैन गरिरहेका छौं," ५७ वर्षीय शिक्षक ड्यानियल सेरोनले एएफपीसँग भन्नुभयो।

निर्वाचन अधिकारीहरूले निर्वाचन अदालतमा दायर गरिएका विवादित मतपत्रहरू जाँच गर्ने र समस्या समाधान गर्दै मतगणना अन्तिम चरणमा पुगेको बताएका छन्।

तर अन्तिम परिणाम अझै दुई हप्तासम्म थाहा हुन नसक्ने निर्वाचन प्राधिकरणका प्रमुखले बताउनुभएको छ।

धेरै मतदाताहरूले राष्ट्रपतीय चुनावले वर्षौंको राजनीतिक अराजकतामा हटाउने विश्वास गरिएको थियो।

करिब एक दशकको अवधिमा यहाँ आठ जना राष्ट्रपतिहरू निर्वाचित भएका थिए भने उनीहरूमध्ये अधिकांशले जनअपेक्षा अनुरूप काम नगरी भ्रष्टाचार र बेथितिलाई सम्बोधन गर्न असफल भएपछि विभिन्न अभियोग लगाई पदच्युत गरिएको थियो। यो निर्वाचनबाट निर्वाचित हुन्छ ऊ एक दशकमा नवौं राष्ट्रपति बन्नेछ। यो निर्वाचनले उपराष्ट्रपति तथा सांसदहरूको पनि टुङ्गो लगाउनेछ।

तर कडा प्रतिस्पर्धात्मक परिणामले दक्षिण अमेरिकी राष्ट्र पेरूमा तटीय, अधिक ग्रामीण इलाका र आदिवासी समुदायको बसोबास रहेको देशको दक्षिणको जनसङ्ख्यालाई गम्भीररूपमा विभाजित गरेको देखिन्छ।

# विश्वकप फुटबलः २८ वर्षपछि पुनरागमन गरेको स्कटल्याण्डले हाइटीलाई हरायो



काठमाण्डु। हाइटीलाई पराजित गर्दै स्कटल्याण्डले फिफा विश्वकप फुटबल प्रतियोगिता २०२६ मा सुखद सुरुआत गरेको छ।

अमेरिकाको बोस्टन स्टेडियममा आज सम्पन्न समूह 'सी' को खेलमा स्कटल्याण्डले हाइटीलाई १-० गोलअन्तले पराजित गर्दै विश्वकपको आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो। २८ वर्षपछि विश्वकपमा फर्किएको स्कटल्याण्डले जितसँगै शीर्ष तीन अङ्क जोडेको छ। स्कटल्याण्डले पछिल्लो पटक सन् १९९८ मा विश्वकप खेलेको थियो। त्यसपछि लगातार छनोट हुन सकेको थिएन।

स्कटल्याण्डको जितमा जोन म्याकगिनलले गरेको एक गोल नै निर्णायक गोल साबित भयो। उनले खेलको पहिलो हाफको २८औँ मिनेटमा गोल गरे।

समूह 'सी' अन्तर्गत आइतबार बिहान सम्पन्न खेलमा पाँच पटकको विश्वकप विजेता ब्राजिलले मोरक्कोसँग १-१ गोलको बराबरी खेल्दै अङ्क बाँडेको थियो। यस समूह 'सी' मा स्कटल्याण्ड तीन अङ्कका साथ शीर्ष स्थानमा छ भने मोरक्को एक अङ्कका साथ दोस्रो स्थानमा छ।

त्यस्तै, समान एक अंक नै बटुलेको ब्राजिल तेस्रो स्थानमा छ। अङ्कविहीन रहेको हाइटी चौथो स्थानमा छ। विश्वकपअन्तर्गत आइतबार नै समूह 'डी' को खेलमा अस्ट्रेलिया र टर्कीबीच प्रतिस्पर्धा हुनेछ। क्यानडाको भ्यानकुभर स्टेडियममा हुने उक्त खेल अहिले बिहान ९:४५ बजेदेखि सुरु हुनेछ। आज हुने अर्को समूह 'इ' को खेलमा जर्मनी र कुराकाओबीच भिडन्त हुनेछ। उक्त खेल राति १०:४५ बजे हुनेछ। रासस

# रोमानियामा नयाँ प्रधानमन्त्रीको खोजी



रासस/एएफपी। रोमानियामा जारी राजनीतिक अनिश्चितता अन्त्य गर्ने प्रयासस्वरूप राष्ट्रपति निकुसोर डानले एड्रियन भेस्टियालाई प्रधानमन्त्रीका लागि मनोनीत गर्नुभएको छ। अघिल्लो उम्मेदवारले संसद्मा पर्याप्त समर्थन जुटाउन नसकेपछि राष्ट्रपतिले नयाँ नेतृत्वमार्फत स्थिर सरकार गठनको प्रयास अघि बढाउनुभएको हो।

५३ वर्षीय भेस्टिया मध्य रोमानियाको ब्रासोभ काउन्टीका अनुभवी राजनीतिज्ञ तथा नेसनल लिबरल पार्टीका वरिष्ठ सदस्य हुनुनुहुन्छ। उहाँ यसै महिनामा राष्ट्रपति डानले प्रधानमन्त्री पदका लागि मनोनयन गर्नुभएको दोस्रो व्यक्ति हुनुहुन्छ।

यसअघि प्रधानमन्त्रीका लागि प्रस्तावित युजेन टोम्याकले आवश्यक राजनीतिक समर्थन जुटाउन नसकेपछि आफ्नो जनादेश फिर्ता लिनुभएको थियो। संसदमा मन्त्रिपरिषद् प्रस्तुत गर्ने समयसीमा पूरा हुन नसकेपछि राष्ट्रपति डानले नयाँ विकल्प रोज्नुभएको हो।

बुखारेस्टस्थित कोट्रोसेनी दरबारमा आयोजित कार्यक्रममा राष्ट्रपति डानले टोम्याकले आफ्नो जनादेश फिर्ता लिएको जानकारी दिँदै एड्रियन भेस्टियालाई प्रधानमन्त्रीका रूपमा मनोनीत गरेको घोषणा गर्नुभयो। उहाँको मनोनयनले प्रभावकारी हुन भने संसद्को स्वीकृति आवश्यक पर्नेछ।

राष्ट्रपति डानले भेस्टियालाई प्रशासनिक अनुभव र व्यवस्थापकीय क्षमताका आधारमा योग्य उम्मेदवारका रूपमा प्रस्तुत गर्नुभयो। उहाँका अनुसार भेस्टियाले आफ्नो राजनीतिक यात्रामा स्थानीय तहदेखि राष्ट्रिय नेतृत्वसम्मका विभिन्न जिम्मेवारी सफलतापूर्वक सम्हाल्नुभएको छ।

भेस्टियाले सानो सहरको मेयर, ब्रासोभ काउन्टी परिषद्का अध्यक्ष तथा विकास मन्त्रीका रूपमा काम गरिसक्नुभएको छ। ब्रासोभमा रहँदा उहाँले युरोपेली कोष आकर्षित गरी विकास परियोजनाहरू अघि बढाएको उल्लेख गरिएको छ।

राष्ट्रपति डानले भेस्टियालाई पश्चिम समर्थक राजनीतिज्ञ र बजेट व्यवस्थापनमा अनुभवी व्यक्ति भन्दै उहाँले नयाँ जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो।

सन् २०२३ देखि २०२४ सम्म विकास मन्त्री रहनुभएका भेस्टियाले आफू वास्तविक सुधार लागू गर्ने र रोमानियालाई पश्चिम समर्थक मार्गमा अघि बढाउने राजनीतिक सरकार गठन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले रोमानिया युरोपको छैटौँ ठूलो देश भएकाले विकासलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो। प्रधानमन्त्री पदका लागि राष्ट्रपतिको लगातार दोस्रो मनोनयन मे महिनामा तत्कालीन प्रधानमन्त्री इलि बोलोजन अविश्वास प्रस्तावबाट पदच्युत भएपछि आएको हो। रोमानियामा अर्को आम निर्वाचन सन् २०२८ सम्म नहुने भएकाले वर्तमान राजनीतिक व्यवस्थापनलाई विशेष महत्त्वका साथ हेरिएको छ।

युरोपेली सङ्घ (इयु) भित्र सबैभन्दा ठूलो बजेट घाटा झेलिरहेको रोमानिया उच्च मुद्रास्फीति र प्राविधिक मन्दीको चुनौतीसँग जुधिरहेको छ। सन् २०२५ मा गठबन्धन सरकार सत्तामा आएपछि बजेट घाटा घटाउने लक्ष्यलाई प्रमुख प्राथमिकता बनाइएको थियो।

बोलोजन सरकारले कम्युनिस्ट शासनपछिको रोमानियाको गम्भीर राजनीतिक सङ्कट समाधान गर्ने उद्देश्य राखे पनि त्यो सरकार एक वर्षभन्दा कम समयमै ढलेको थियो। यस्तो अवस्थामा भेस्टियाको सम्भावित नेतृत्वलाई राजनीतिक स्थिरता र आर्थिक सुधारको नयाँ परीक्षणका रूपमा हेरिएको छ।

# शानाका र मिशाराको अर्धशतकमा श्रीलंकाको जित

**टुडे समाचारदाता**



एजेन्सी। श्रीलंकाका दासुन शानाका र कमिल मिशाराले उत्कृष्ट अर्धशतक प्रहार गर्दै वेस्ट इन्डिजविरुद्धको दोस्रो टि ट्वान्टी अन्तर्राष्ट्रिय खेलमा टोलीलाई शानदार जित दिलाएका छन्। यस जितसँगै ३ खेलको सिरिज १-१ को बराबरीमा पुगेको छ।

पहिले ब्याटिङ गरेको श्रीलंकाले २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ९४ रन बनाएको थियो। जवाफी लक्ष्य १ सय ९५ रन पछ्याएको वेस्ट इन्डिज १८.१ ओभरमा १ सय ५७ रनमै समेटियो।

श्रीलंका ८८/४ को कठिन अवस्थामा रहेको बेला क्रिजमा आएका दासुन शानाका र कमिल मिशाराले पाँचौं विकेटका लागि शतकीय साझेदारी गर्दै इनिङ्सलाई उकासेका थिए।

शानाकाले आक्रामक ब्याटिङ गर्दै मात्र २४ बलमा ५८ रन बनाए। मिशाराले संयमित तर प्रभावशाली ४० बलमा अविजित ६१ रन जोडे। दुवैले मिलेर ४२ बलमा १ सय ३ रनको साझेदारी गर्दै टोलीलाई सम्मानजनक स्कोरसम्म पुर्‍याए।

१ सय ९५ रनको लक्ष्य पछ्याउने क्रममा वेस्ट इन्डिजले ८९/२ सम्म राम्रो सुरुआत गरे पनि त्यसपछि श्रीलंकाली स्पिन आक्रमणमा पतन भयो।

मध्य ओभरमा श्रीलंकाका स्पिनरहरूले लगातार विकेट लिँदै वेस्ट इन्डिजलाई दबाबमा पारे। त्यस क्रममा रनआउटसहित ६ विकेट ३२ रनभित्र गुमाउन पुगेपछि घरेलु टोली पूर्ण रूपमा दबिएको थियो।

दुश्मन्था चामिराले पनि प्रभावशाली बलिङ गर्दै ३ विकेट मात्र ९ रन खर्चेर वेस्ट इन्डिजको इनिङ्स समाप्त पारे। वेस्ट इन्डिज १ सय ५७ रनमा अलआउट भयो।

वेस्ट इन्डिजका रोभमन पावेल र शिमरोन हेटमायरले तेस्रो विकेटका लागि ८१ रनको साझेदारी गर्दै इनिङ्स सम्हाल्ने प्रयास गरेका थिए। तर श्रीलंकाली स्पिनरहरूले खेलको दिशा परिवर्तन गरे।

शानाका र मिशाराको आक्रामक साझेदारी तथा स्पिनरहरूको उत्कृष्ट प्रदर्शनका कारण श्रीलंकाले ३७ रनको जित निकाल्दै सिरिजलाई रोचक बनाएको थियो।

# अमेरिकाले इरान सम्झौता : रोक्का सम्पत्ति फिर्ता र 'स्ट्रेट अफ हर्मुज' मा स्वतन्त्र आवागमनबारे छलफल

रासस/एएफपी।

अमेरिका र इरानबीच प्रस्तावित सम्झौताको अन्तिम मस्यौदामा तेहरानको परमाणु कार्यक्रम, तेल प्रतिबन्धमा राहत, हर्मुज पुनः खोल्ने र इरानको कब्जा सम्पत्ति फुकुवाजस्ता धेरै प्रमुख मुद्दाहरू समावेश गरिएको इरानी वरिष्ठ अधिकारीले जानकारी दिएका छन्।



इरान र अमेरिकाबीच सम्भावित सम्झौताको खबर बाहिर आएको छ। रिपोर्टअनुसार इरानका एक वरिष्ठ अधिकारीले दुई देशबीच एक मस्यौदा सम्झौता तयार गरिएको छ, जसमा तेल प्रतिबन्ध, परमाणु कार्यक्रम र आर्थिक राहतजस्ता धेरै महत्वपूर्ण मुद्दा समावेश गरिएको छ। यो मस्यौदा तयार भई सहमति भएमा आगामी ६० दिन युद्धविराम अवधि लम्बिनेछ भने यो समयमा युद्ध अन्त्यका लागि अन्तिम सम्झौता हुनेछ।

यो प्रस्तावित सम्झौता अन्तर्गत सबैभन्दा ठूलो कदम भनेको इरानले 'स्ट्रेट अफ हर्मुज'लाई तत्काल सबै व्यापारिक जहाजका लागि खुला गर्नेछ।

त्यसको बदलामा अमेरिकाले इरानको बन्दरगाहमा लगाएको नौसैनिक नाकाबन्दी फुकुवा गर्नेछ। सम्झौतामा हस्ताक्षर हुनासाथ यो प्रक्रिया सुरु हुनेछ उक्त प्रक्रिया आगामी ३० दिनभित्र सम्पन्न हुनेछ। यो मार्ग विश्वव्यापी तेल आपूर्तिका लागि निकै महत्वपूर्ण मानिन्छ, त्यसैले यो खुल्नु अन्तर्राष्ट्रिय बजारका लागि ठूलो राहत हुनसक्छ।

आर्थिक मोर्चामा, अमेरिकाले अन्तिम सहमति नभएसम्म इरानमाथि कुनै नयाँ प्रतिबन्ध लगाउने छैन। अन्तिम सम्झौतापछि अमेरिका र संयुक्त राष्ट्रसङ्घका सबै नाकाबन्दी तोकिएको समयसीमाअनुसार फुकुवा हुनेछन्। अमेरिकाले इरानलाई निश्चित अवधिका लागि तेल बेच्न र त्यसबाट प्राप्त हुने आम्दानी प्राप्त गर्न अनुमति दिन तेल प्रतिबन्धहरू पनि खुकुलो बनाउनेछ। मस्यौदामा अमेरिकाले इरानको जफत गरिएको २५ अर्ब डलर बराबरको सम्पत्ति पनि सार्वजनिक गर्ने प्रस्ताव गरिएको छ। यो रकम प्रत्यक्ष नगद स्थानान्तरण, क्षेत्रीय देशहरूसँग सहयोग र वित्तीय 'क्रेडिट लाइन'हरू मार्फत उपलब्ध गराउन सकिन्छ। यसका साथै अमेरिकाले इरानको पुनर्निर्माण र विकासका लागि योजना तयार गर्न आफ्ना क्षेत्रीय सहयोगीहरूसँग काम गर्नेछ, जुन तेहरानसँगको वार्ताबाट ६० दिनभित्र हुनेछ।

आणविक मामिलामा इरान परमाणु हतियार निर्माण वा अधिग्रहण नगर्ने कुरामा सहमत हुनेछ। अन्तिम सम्झौता नभएसम्म, इरानले आफ्नो परमाणु कार्यक्रमको वर्तमान स्थितिलाई कायम राख्नेछ र युरेनियम संवर्धन वा आणविक सुविधाहरूको विस्तारलाई अघि बढाउने छैन। मस्यौदाद्वारा निर्दिष्ट आगामी बृहत् सम्झौताअन्तर्गत अमेरिकाले इरानलाई आफ्नो उच्च संवर्धित युरेनियमको भण्डारलाई इरानी भूमिमा कम संवर्धित स्तरमा रूपान्तरण गर्न अनुमति दिनेछ। सम्झौतापछि ६० दिनभित्र इरानको आणविक कार्यक्रम, युरेनियम संवर्धन गतिविधि र अत्यधिक संवर्धित युरेनियमको भण्डारको व्यवस्थापनसँग सम्बन्धित मुद्दाहरूमा वार्ता हुनेछ र यसलाई अन्तिम सम्झौतामा समावेश गरिनेछ।

# कतारको प्रतिनिधि मण्डल तेहरानमा

रासस/एएफपी। इरान र संयुक्त राज्य अमेरिकाबीचको युद्ध अन्त्य गर्ने मध्यस्थता प्रक्रियाको एक भागको रूपमा कतारको प्रतिनिधिमण्डल आइतबार तेहरान आइपुगेको इरानी मिडिया र एक कूटनीतिज्ञले पुष्टि गरेका छन्।

इरानको समाचार एजेन्सी आइएसएनएले कतारका विदेशमन्त्रीका सल्लाहकारलाई कुटनीतिक वार्ताको पहल गर्न इरान पठाइएको जनाएको छ।

इरानको अर्को समाचार एजेन्सी तस्निमले यो भ्रमणको उद्देश्य 'कूटनीतिक प्रक्रियाका पछिल्ला घटनाक्रमलाई हेर्ने' रहेको बताएको छ। कतारी वार्ताकारहरू आइतबार बिहान तेहरानतर्फ उडेका एक कूटनीतिज्ञले एएफपीसँग बताउनुभयो।

नाम नबताउने सर्तमा ती कूटनीतिज्ञले भने, "प्रतिनिधिमण्डलले सम्झौतालाई अन्तिम रूप दिन सहयोग पुर्‍याउन इरान भ्रमण गरेको हो।"

महिनौँदेखि जारी मध्यपूर्व युद्ध अन्त्यका लागि मध्यस्थताको नेतृत्व गर्दै आएको पाकिस्तान र संयुक्तराज्य अमेरिकाले आइतबार द्वन्द्व अन्त्यका लागि सहमतिमा हस्ताक्षर हुने सङ्केत गरेका छन्, यद्यपि, तेहरानले त्यो समयलाई लिएर शङ्का व्यक्त गरेको छ र इरानी मिडियाले फ्रेमवर्कमा अन्तिम निर्णय हुन बाँकी रहेको बताएका छन्।

# चौथो गण्डकी प्रदेशस्तरीय जिम्नास्टिकमा कास्की प्रथम



वालिङ। यहाँ आइतबार सम्पन्न चौथो गण्डकी प्रदेशस्तरीय जिम्नास्टिक प्रतियोगितामा कास्की जिल्ला प्रथम भएको छ।

सैनिक बोर्डको जिम्नास्टिक प्रशिक्षण केन्द्रमा पुरुष तथा महिलाबीच भएको उक्त प्रतियोगितामा स्याङ्जा दोस्रो तथा बागलुङ तेस्रो भयो। गण्डकी प्रदेशअन्तर्गतका स्याङ्जासहित, कास्की, बागलुङ, नवलपुर र पर्वतका महिला पुरुष गरी ३८ प्रतिस्पर्धी सहभागी भएका थिए।

'फ्लोर इभेन्टस' र 'भल्टिङ इभेन्टस' गरी दुई विधामा खेलाइएको उक्त प्रतियोगितामा 'फ्लोर इभेन्टस' स्याङ्जाका सोनिस थापा प्रथम, स्याङ्जाका श्रवण परियार द्वितीय र कास्कीका साइमन थापा तृतीय भएका हुन्।

त्यस्तै, 'भल्टिङ इभेन्टस' को पुरुषतर्फ कास्कीका मियोन गुरुङ प्रथम, कास्कीका सार्जन श्रेष्ठ द्वितीय र स्याङ्जाका सोनिस थापा तृतीय भएका वालिङ नगरपालिका जिम्नास्टिक सङ्घका अध्यक्ष ताराप्रसाद श्रेष्ठले बताउनुभयो।

महिलातर्फ 'फ्लोर इभेन्टस' मा कास्कीकी लीला थापा प्रथम, स्याङ्जाकी जेनिशा गुरुङ द्वितीय र कास्कीकी मोनालिसा कार्की तृतीय भएकी हुन्।

'भल्टिङ इभेन्टस' मा महिलातर्फ कास्कीकी मोनालिसा कार्की प्रथम, स्याङ्जाकी नेशा गुरुङ द्वितीय, कास्कीकी लीला थापा, स्याङ्जाकी साधवी श्रेष्ठ र कास्कीकी क्रिस्टिना मश्राङ्गी तृतीय भएको उहाँले जानकारी दिनुभयो।

महिला तथा पुरुष प्रतिस्पर्धीलाई दुई विधामा गराइएको समग्र प्रतियोगिता अवधिभर सबैभन्दा धेरै पदक कास्कीले जितेकाले कास्की प्रथम भएको हो।

प्रतियोगिताबाट उत्कृष्ट खेलाडीलाई आगामी दशौं राष्ट्रिय खेलकुदको छनोटको तयारीका लागि सहभागी गराइने भएको हो। गण्डकी प्रदेश जिम्नास्टिक सङ्घको व्यवस्थापन, वालिङ नगरपालिका जिम्नास्टिक सङ्घको संयोजनमा दुई दिन प्रतियोगिता सञ्चालन भएको हो। रासस

# विदेशी मुद्राको विनिमयदर



टुडे समाचारदाता

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १५१ रुपैयाँ ८८ पैसा र बिक्रीदर १५२ रुपैयाँ ४८ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १७५ रुपैयाँ ८० पैसा र बिक्रीदर १७६ रुपैयाँ ५० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर २०३ रुपैयाँ ७३ पैसा र बिक्रीदर २०४ रुपैयाँ ५४ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १९० रुपैयाँ ७८ पैसा र बिक्रीदर १९१ रुपैयाँ ५३ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०६ रुपैयाँ ९२ पैसा र बिक्रीदर १०७ रुपैयाँ ३५ पैसा, क्यानेडियन डलर एकको खरिददर १०८ रुपैयाँ ५८ पैसा र बिक्रीदर १०९ रुपैयाँ ०१ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११८ रुपैयाँ ३० पैसा र बिक्रीदर ११८ रुपैयाँ ७७ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ४८ पैसा र बिक्रीदर नौ रुपैयाँ ५२ पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ४६ पैसा र बिक्रीदर २२ रुपैयाँ ५५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ४७ पैसा र बिक्रीदर ४० रुपैयाँ ६३ पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ६६ पैसा र बिक्रीदर ४१ रुपैयाँ ८२ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६४ पैसा र बिक्रीदर चार रुपैयाँ ६६ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ ३५ पैसा र बिक्रीदर ४१ रुपैयाँ ५२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५८ पैसा, साउथ कोरियन वन १०० को खरिददर १० रुपैयाँ र बिक्रीदर १० रुपैयाँ ०४ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ १० पैसा र बिक्रीदर १६ रुपैयाँ १६ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ५२ पैसा र बिक्रीदर २३ रुपैयाँ ६१ पैसा तोकिएको छ। राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ३८ पैसा र बिक्रीदर १९ रुपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर ४९४ रुपैयाँ ३२ पैसा र बिक्रीदर ४९६ रुपैयाँ २७ पैसा, बहराइन दिनार एकको खरिददर ४०२ रुपैयाँ ७८ पैसा र बिक्रीदर ४०४ रुपैयाँ ३८ पैसा, ओमनी रियाल एकको खरिददर ३९४ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३९६ रुपैयाँ ०३ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।

# नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता कार्यक्रम सरकारको प्राथमिकतामा

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षको बजेटमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेको छ। त्यसका लागि रु दुई अर्ब ६२ करोड ७४ लाख बराबरको बजेट विनियोजन गरिएको छ।

त्यसमा नेपाल सरकारतर्फ रु एक अर्ब १९ करोड ७४ लाख रहेको छ भने वैदेशिक सहायतातर्फ रु एक अर्ब ४३ करोड रहेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनको माध्यमबाट विद्युत् पहुँच विस्तार गर्ने कार्यक्रम भने निरन्तर कार्यान्वयनमा छ।

यस्तै, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि प्रवर्द्धन, उत्पादकत्व वृद्धि, फोहोरबाट ऊर्जा उत्पादन, लघु, साना तथा मझौला व्यवसाय प्रवर्द्धन, ऊर्जा दक्षता कार्यक्रम पनि क्रमशः सञ्चालनमा छ।

त्यस्तै, च्यालेन्ज फण्डमार्फत नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयन, ग्रीन हाइड्रोजन, स्थानीय तह र प्रदेश सरकारको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग, प्रविधिको अनुगमन मूल्याङ्कन, वातावरण तथा सामाजिक सुरक्षण, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता क्रियाकलापमा बजेट विनियोजन गरिएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार, आगामी आवका लागि सङ्घीय सरकारको वार्षिक नीति तथा कार्यक्रमको



बुँदा नं ३१ मा राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत् प्रणाली विस्तार गरिने उल्लेख छ।

ग्रीन हाइड्रोजन, हरित एमोनिया तथा रासायनिक मल जस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्द्धनका लागि कर भन्सार छुट, सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लागतमैत्री नीति लागू गरिनेछ।

त्यस्तै, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्ने ग्रीन हाइड्रोजन पूर्वाधारको सुरुवात गर्ने विषयलाई पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ। सरकारको मार्गदर्शन अनुसार नै केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट तय गरिएको छ । विद्युत् पहुँचतर्फ राष्ट्रिय ग्रिड नपुगेका स्थानमा लघु तथा साना जलविद्युत्, सौर्य मिनीग्रिड प्रणाली विस्तार गर्ने लक्ष्य रहेको छ।

लघु तथा साना जलविद्युत् एवं सौर्य मिनीग्रिडमार्फत दुई दशमलव पाँच मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जानकारी दिनुभयो ।

यसैगरी, खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको प्रवर्द्धन तथा विस्तारलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। खाना पकाउने स्वच्छ ऊर्जा प्रविधितर्फ कीब २ लाख ५० हजार घरधुरीमा विद्युतीय चुलो, बायोग्यास र सुधारिएको चुलो लगायतका स्वच्छ ऊर्जा प्रविधि विस्तार गर्ने कार्यक्रम अगाडि सारिएको छ। त्यस्तै १० वटा संस्थागत तथा व्यावसायिक बायोग्यास प्लान्ट र नौ वटा ठूला क्षमताका फोहरबाट ऊर्जा उत्पादन परियोजना निर्माण गर्ने योजना छ।

त्यसैगरी बजेटमार्फत सरकारले उत्पादकत्व वृद्धि, कृषि, डिकार्बनाइजेसन तथा व्यावसाय प्रवर्द्धनका क्षेत्रको विकासमा समेत जोड दिइएको छ । सो कार्यक्रमअन्तर्गत २७ मेगावाट सौर्य रुफटप प्रणाली, १२० वटा सौर्य खानेपानी तथा सिंचाइ आयोजना, एक हजार वटा व्यापारिक तथा संस्थागत क्षेत्रहरुमा तापीय उर्जाका लागि प्रयोग भइरहेको खाना पकाउने 'एलपिजी'लाई जैविक पेलेट चुलो मार्फत प्रतिस्थापन, १० वटा सौर्य तापीय प्रणाली एवं ५०० किलोवाट पिक क्षमताको एग्रोभोल्टाइकमा आधारित सौर्य ऊर्जा नमूना आयोजना कार्यान्वयन गरिनेछ।

त्यसैगरी ऊर्जा दक्षता अवलम्बनका लागि ऊर्जा परीक्षण तथा ऊर्जा परीक्षण सिफारिस कार्यान्वयन, ऊर्जा दक्ष नमूना विद्यालय तथा ऊर्जा दक्षतासम्बन्धी गुणस्तर तथा मापदण्ड निर्माण, जलवायु परिवर्तन न्यूनीकरण तथा कार्बन व्यापारलाई प्राथमकितामा राखिएको छ।

स्थानीय तह तथा प्रदेश सरकारको क्षमता अभिवृद्धि, ग्रीन हाइड्रोजनलगायत नवीनतम प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान र नमूना आयोजना सञ्चालन गरिनेछ।

दिगो ऊर्जा च्यालेञ्ज फण्डमार्फत नवीकरणीय ऊर्जा प्रवर्द्धनको भायबिलिटी ग्याप फण्डिङ्ग, विपदबाट क्षति भएका आयोजनाको पूनर्निर्माण तथा मर्मतसम्भार र अफग्रिड आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने क्रियाकलापको लागि बजेट विनियोजन गरिएको केन्द्रले जनाएको छ। रासस

# फोहरबाट रोजगारी र आम्दानी



घोडाघोडी । कैलालीको गोदावरी नगरपालिका-४ खैरानाका जङ्गबहादुर चौधरीले फोहर व्यवस्थापन क्षेत्रमा काम गर्न थालेको नौ वर्ष भएको छ । आठ वर्षसम्म नगरपालिकामार्फत फोहर व्यवस्थापन गर्दै आउनुभएका उहाँ अघिल्लो साउनदेखि गोदावरी नगरपालिकामा रहेको एकीकृत फोहर व्यवस्थापन केन्द्रमा कार्यरत हुनुहुन्छ।

चौधरी अहिले फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै मासिक करिब रु १७ हजार आम्दानी गरिरहनुभएको छ। उहाँका अनुसार यस कामले रोजगारीको अवसर दिएको भए पनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेका छन्।

गोदावरी नगरपालिका-१० की प्रियङ्का जोराइला पनि विगत चार महिनादेखि सोही केन्द्रमा फोहर छुट्याउने र व्यवस्थापन गर्ने काम गर्दै आउनुभएको छ । पहिले कपडा पसलमा काम गर्ने उहाँ अहिले मासिक करिब रु १६ हजार आम्दानी गरिरहनुभएको छ। उहाँहरू जस्तै उक्त फोहर व्यवस्थापन केन्द्रमा करिब एक सय जनाले रोजगारी पाउनुभएको छ।

गोदावरीमामात्रै होइन, कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा समेत फोहर व्यवस्थापनका माध्यमबाट स्थानीयले रोजगारी पाउँदै आएका छन् । यसरी सुदूरपश्चिमका स्थानीय तहहरूमा फोहर व्यवस्थापन अब केवल सरसफाइको काममात्र नभई रोजगारी र जीविकोपार्जनसँग पनि जोडिन थालेको छ । स्थानीयस्तरमै सृजना भएको यो रोजगारीले फोहरलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्न सकिने सम्भावनालाई थप स्पष्ट पारेको छ।

यही अभ्यासलाई अझ संस्थागत र प्रभावकारी बनाउन सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहले वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागितासहित फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्ने प्रयास अघि बढाएका छन्।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यसैको उदाहरण हो । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब रु एक अर्ब लागतमा निर्माण गरिएको यस केन्द्रमा फोहर छुट्याउने, प्रशोधन गर्ने र पुनः प्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । यसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ।

नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने नगरपालिकाले यसबाट राजस्वसमेत प्राप्त गर्न थालेको छ। यस केन्द्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता पनि उल्लेखनीय छ । स्वच्छ वातावरण प्रालिले फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ। कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ । कुहिने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुनः प्रयोगका लागि पठाइन्छ । यसरी फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकिएमा यो समस्या होइन, अवसर बन्न सक्ने उहाँ बताउनुहुन्छ।

कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्व बुझाउने गरेको छ । कम्पनीको मासिक आम्दानी करिब रु २६ लाखसम्म पुग्छ। आम्दानी र खर्च बराबरजस्तै भए पनि कम्पनीले एक सय व्यक्तिलाई रोजगारी प्रदान गर्दै आएको रावल बताउनुहुन्छ । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रमार्फत यस्तै अभ्यास अघि बढाइएको छ। केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकामा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताउनुभयो।


दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिनेगरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टनमात्र फोहर सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो । यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्न सक्ने नगरप्रमुख महराको भनाइ छ।

उहाँका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सृजना गरेको छ। धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन्। एसियाली विकास बैंक (एडिबी)को सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत यी परियोजना अघि बढाइएका हुन्।

यता कैलालीको धनगढी उपमहानगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको भए पनि सञ्चालनमा आउन बाँकी छ। तर उपमहानगरपालिकाले फोहर व्यवस्थापनका लागि विगतका वर्षहरूबाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ। उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु ३१ लाख ५५ हजार लगानीमा सुक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउनुहुन्छ। रासस

# विपन्न परिवारलाई आयआर्जनसँग जोड्न पाडी वितरण



त्रिवेणी । पहाडी क्षेत्रमा पर्ने बौदीकाली गाउँपालिकामा विपन्न परिवारलाई आयआर्जनसँग जोड्न भैंसीको पाडी अनुदानमा वितरण गरिएको छ। बौदीकाली-२ डेढगाउँका १५ परिवारलाई पाडी वितरण गरिएको हो।

गाउँपालिकाका प्रवक्ता एवं वडा नं २ का वडाध्यक्ष श्यामसुन्दर श्रेष्ठका अनुसार विपन्न परिचयपत्र प्राप्त गरेका परिवारलाई पाडी वितरण गरिएको हो । आर्थिक अवस्था कमजोर भएका परिवारलाई वडाबाटै विनियोजित रु चार लाख ५० हजार बजेटबाट पशुपालनका लागि पाडी वितरण गरिएको उहाँले बताउनुभयो। पहाडी क्षेत्रमा आम्दानीको स्रोत वृद्धि गर्न पशुपालनलाई प्रोत्साहन गर्न ९० प्रतिशत अनुदानमा पाडी वितरण गरिएको हो।

गत वर्ष पनि पाडी तथा बङ्गुर अनुदानमा वितरण गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । यस वर्ष पनि पाडी तथा केही परिवारलाई बाख्रासमेत वितरण गरिएको छ । केही दिनभित्र ९० बङ्गुरका बच्चा वितरणको तयारी गरिएको उहाँले जानकारी दिनुभयो।

पशुपालनतर्फ स्थानीयलाई आकर्षित गर्दै आयआर्जनसँग जोड्नका लागि पालिकास्तरमा यस्ता कार्यक्रमलाई प्राथमिकता दिएर अघि बढाइएको वडाध्यक्ष श्रेष्ठले बताउनुभयो । "हामीकहाँ आयआर्जनका स्रोत कम छन् । यसलाई विस्तार गर्दै लैजाने योजनाअनुसार पशुपालनलाई समेत जोड दिँदै आएका छौँ । गत वर्ष बङ्गुर वितरण गरेकाले मासु उत्पादन पर्याप्त भयो, स्थानीयले आम्दानीसमेत राम्रो गरे । त्यसैले यस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै आएका छौँ", उहाँले भन्नुभयो।

गाउँपालिकाले दुग्ध उत्पादनलाई पनि प्राथमिकतामा राखेर काम गरिरहेको छ । जसअनुसार पशुपालन विस्तार गर्न इच्छुक किसानका लागि सहुलियत कृषि ऋणको व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष प्रकाश ओझाले बताउनुभयो। रासस

# बन्द हुँदै चिया उद्योग, समस्यामा किसान



इलाम । भारतले नेपाली चियामा कडाइ गरेपछि इलामको सूर्योदय क्षेत्रका चिया उद्योग बन्द हुने भएका छन्। त्रिपन्न उद्योग आबद्ध रहेको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसन नेपालले आगामी असार १ गतेदेखि उद्योग बन्द गर्ने घोषणा गरेको छ।

संस्थाका अनुसार भारतीय बजारमा पुगेको तीन लाख किलोभन्दा बढी नेपाली चिया गुणस्तर परीक्षणका नाममा अलपत्र छ भने उद्योगमा सात लाख किलोभन्दा बढी तयारी चिया थन्किएको छ। भण्डारण क्षमता भरिएपछि उद्योग सञ्चालन गर्न नसकिएको एसोसिएसन अध्यक्ष डिल्ली श्रेष्ठले बताउनुभयो।

"किसानबाट खरिद गरिएको हरियोपत्ती प्रशोधन गरेर तयारी चिया बनाएका छौँ, तर बजारमा बिक्री हुनसकेको छैन। भण्डारण गर्ने ठाउँसमेत भरिइसकेको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "किसानलाई भुक्तानी रोक्न मिल्दैन, त्यसैले उद्योग बन्द गर्नुबाहेक अर्को विकल्प रहेन।"

भारतले सन् २०२६ मे १ देखि नेपालबाट आयात हुने चियामा 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर' (एसओपी) लागू गरेको छ । यसअनुसार प्रत्येक गाडीको चिया छुट्टाछुट्टै परीक्षण गर्नुपर्ने, प्रतिवेदन आउन २० दिनभन्दा बढी लाग्ने र नतिजा नआएसम्म बिक्री गर्न नपाइने व्यवस्था गरिएको छ। परीक्षणमा असफल भए चिया नष्ट गर्नुपर्ने वा फिर्ता ल्याउनुपर्ने बाध्यता छ।

"उत्पादन भएको चिया बजारमा पुर्याउने बाटो नै बन्दजस्तै भएको छ", उद्योगी गोपाल कट्टेलले भन्नुभयो, "भारतले विभिन्न प्राविधिक झन्झट सृजना गरेर नेपाली चिया रोकेपछि उद्योग सञ्चालन गर्न सक्ने अवस्था रहेन ।" नेपाली चियाको निर्यात समस्या समाधान गर्न सङ्घीय सरकारले प्रभावकारी रुपमा पहल गर्नुपर्ने उहाँको भनाइ छ । "सरकारले समयमै कूटनीतिक पहल गरेर निर्यात सहजीकरण गर्न पहल गर्नुपर्छ", कट्टेलले भन्नुभयो, "अवरोध हटाउन पहल नभए अर्बौं रुपैयाँको नेपाली चियाको बजार गुम्ने खतरा छ।"

उद्योग बन्द हुँदा हजारौँ किसान प्रभावित हुनेछन् । एसोसिएसनका अनुसार सूर्योदय नगरपालिकामा दुई हजार ९९५ चिया किसान छन् । यहाँ ३३ हजार ६५५ रोपनी क्षेत्रफलमा चियाखेती हुँदै आएको छ, जहाँबाट वार्षिक दुई करोड किलो हरियोपत्ती उत्पादन हुन्छ। "उद्योग बन्द भयो भने आम्दानी नै रोकिन्छ, परिवार कसरी चलाउने ? हाम्रो त रोजिरोटी हराउँछ", किसान राजन भट्टराई भन्नुहुन्छ, "उद्योग बन्द भएपछि हाम्रो हरियोपत्ती बिक्दैन। अब कसरी बाँच्ने भन्ने चिन्ता बढ्यो।"

पैसठ्ठभन्दा बढी चिया उद्योग रहेको सूर्योदय नगरपालिकाले चिया बिक्रीका लागि भारतीय अवरोध खुला गर्न तत्काल उच्चस्तरीय कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयसँग माग गरेको छ । नगरले भारतको कोलकाता पुगेका नेपाली चियाका 'कन्साइनमेन्ट'माथि भारतीय चिया बोर्डले आयातकर्ताको गोदाममै प्रवेश गरी प्रत्येक बोराको नमूना सङ्कलन र परीक्षण गर्न थालेको तथा आधा दर्जनभन्दा बढी ट्रकबाट नमूना सङ्कलन गरिएको एक साता व्यतित भइसक्दा पनि प्रयोगशालाको प्रतिवेदन प्राप्त नभएर प्रतिवेदनबेगर बिक्री-वितरण पूर्ण रोक लगाइएको पाएको जनाएको छ ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/०१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : जुलेखा खातुन<br>ना.प्र.नं. ८०२६१०९५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/०७/३०<br>पतिको नाम : दुखि धोवी<br>ससुराको नाम : झपसी धोवी<br>ठेगाना : धनुषा जिल्ला, सवैला गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ | नाम : रोशन कुमार क्षेत्री<br>ना.प्र.नं. ३९६९४३८२, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५३/१०/०७<br>बाबुको नाम : इस्वर बहादुर बुढाथोकी<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ |
| | धितोको विवरण | |
| | जुलेखा खातुनको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ स्थित कित्ता नं. २८ को क्षेत्रफल ०-०-५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# महाधिवेशन अगाडि रास्वपाको मधेश अधिवेशन नहुने



**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को मधेस प्रदेश अधिवेशन राष्ट्रिय महाधिवेशन अगाडि नहुने भएको छ।

निर्वाचित सांसदहरूको दबाब र जातीय संकीर्णताका कारण स्थगित भएको मधेश प्रदेशको अधिवेशन अगाडि हुने सम्भावना नरहेको पार्टी निर्वाचन आयोगले जनाएको हो।

निर्वाचन आयोगले जेठ २६ गते एक सूचना जारी गर्दै अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेस अधिवेशनको सम्पूर्ण गतिविधि स्थगित गरिएको जानकारी दिएको थियो।

आयोगका प्रमुख भुवन केसीले राष्ट्रिय महाधिवेशनको मिति नजिकिएकाले मधेसको अधिवेशन तत्काल हुने सम्भावना नरहेको बताएका छन्।

मधेस प्रदेशमा विवाद तथा दुई पक्षीय झडपका कारण पर्सा बाहेक अन्य ७ जिल्लाको अधिवेशन पनि स्थगित भएको थियो।

प्रदेशका महामन्त्री मनिषकुमार साहकाअनुसार महाधिवेशन अगावै अधिवेशन सम्पन्न गर्न पार्टी नेतृत्व र निर्वाचन अयोगसँग पहल भइरहेको छ। निर्वाचित सांसदहरूले पार्टी स्थापनाकालदेखि नै पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका भएकाले हस्तक्षेप हुनु स्वाभाविक रहेको उनको भनाई छ।

जिल्ला स्तरीय नेताहरूले पार्टीका केन्द्रीय प्रवक्ता मनिष झा, प्रदेश सभापति तपेश्वर यादव, समानुपातिक सांसद पुरुषोत्तम यादव लगायत नेताहरूको स्वार्थका कारण अधिवेशन स्थगित भएको आरोप लगाउँदै आएका छ्न। पार्टीका केन्द्रिय तह तथा संसदमा पुगेका नेताहरुले जिल्लामा आ आफ्नो नेतृत्व कब्जा गर्न खोज्दा यस्तो अवस्था श्रृजना भएको हो।

# अर्थतन्त्रमा सुधारको संकेत, शिक्षा खस्किँदै

**सर्वेक्षण अनुसार प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहेको छ। आर्थिक गतिविधिमा कृषि क्षेत्रको भूमिका अझै प्रमुख रहँदै आएको छ र प्रदेशको कुल अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान ३४.९७ प्रतिशत रहेको उल्लेख गरिएको छ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको अर्थतन्त्र पछिल्ला वर्षमा सुधारको संकेत देखिएपनि शिक्षा क्षेत्रको उपलब्धि भने अझै चिन्ताजनक नै रहेको छ।

आइतबार प्रदेश सभाको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको आर्थिक सर्वेक्षण अनुसार रोजगारी, उद्योग-व्यवसाय, बैंकिङ सेवा तथा भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति देखिएको छ। तर शिक्षा क्षेत्रमा विद्यालय पहुँच विस्तार भए पनि सिकाइ उपलब्धि अपेक्षाअनुसार सुधार हुन नसकेको प्रतिवेदनले औंल्याएको छ।

सर्वेक्षण अनुसार प्रदेशको आर्थिक वृद्धिदर १.३१ प्रतिशत रहेको छ। आर्थिक गतिविधिमा कृषि क्षेत्रको भूमिका अझै प्रमुख रहँदै आएको छ र प्रदेशको कुल अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान ३४.९७ प्रतिशत रहेको उल्लेख गरिएको छ।

मधेश प्रदेशमा हाल ३ हजार ४८४ सामुदायिक तथा १ हजार ९८७ संस्थागत गरी कुल ५ हजार ४७१ विद्यालय सञ्चालनमा छन्, जुन देशभरका विद्यालयको करिब १५ प्रतिशत हो। सामुदायिक विद्यालयको संख्या राष्ट्रिय औसतभन्दा ३० प्रतिशत बढी रहेको छ।

कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९५.२ प्रतिशत पुगे पनि कक्षा ११-१२ मा भर्नादर राष्ट्रिय औसतभन्दा निकै कम अर्थात् ११.७ प्रतिशत मात्र रहेको छ। यसले विद्यार्थी टिकाउ दरमा गम्भीर चुनौती रहेको संकेत गरेको छ। देशभर भर्ना भएका विद्यार्थीमध्ये सबैभन्दा बढी २५ प्रतिशत मधेश प्रदेशकै रहेको तथ्यांकमा उल्लेख छ।

प्रदेशमा कुल २ लाख ७७ हजार १३५ हेक्टर वन क्षेत्र छ। ५४७ सामुदायिक र २ संरक्षित वन सहित जसमा औसत ५.१८ प्रतिशतको वृद्धि भएको छ। दाउरा ३०.८० प्रतिशत र काठ १०.०९ प्रतिशत उत्पादन बढेको छ। सिँचाइतर्फ भने कुल सिञ्चित क्षेत्रफल




४.३४ प्रतिशतले घटेर ३ लाख १९ हजार हेक्टरमा झरेको छ। कृषि कर्जा प्रवाह पनि ५.६६ प्रतिशतले घटेर रु. ६० अर्व ९७ करोडमा सीमित भएको छ।

आ.व. २०८१/८२ मा माटो/कच्ची ७७.५३ कि.मि., ग्राभेल ४०६.६३ कि.मि., ढलान २५३.५५ कि.मि. र कालोपत्रे ८३.९१ कि.मि. सडक विस्तार भएको छ भने १०९ कलभर्ट र ४ पक्की पुल निर्माण भएको दाबी गरिएको छ। यसका साथै मधेश प्रदेशका शतप्रतिशत परिवारमा राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच पुगेको दाबी पनि गरिएको छ।

उद्योग व्यवसायतर्फ पनि वृद्धि भएको दाबी प्रदेश सरकारले गरेको छ। सर्वेक्षणमा उल्लेख भए अनुसार प्रदेशमा १८ हजार ४१९ लघु तथा साना उद्योग र २५ हजार ८५१ कम्पनीहरू दर्ता छन्। चालु आ.व.मा मात्र १ हजार ६४५ नयाँ कम्पनी थपिएका छन्। औद्योगिक कर्जा प्रवाह ५.४२ प्रतिशतले वृद्धि भएको छ। पर्यटन पूर्वाधारतर्फ १२ वटा तारे होटलहरू सञ्चालनमा आएको छ। बैंकिङ्ग क्षेत्रमा पनि उल्लेखनीय उपलब्धी हासिल गरिएको मधेश प्रदेश सरकारको दाबी छ। सवेक्षणमा जनाइए अनुसार प्रदेशका सबै १३६ स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको पहुँच पुगेको छ। २०८२ फागुनसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त र १ पूर्वाधार बैंक गरी १०६ संस्था सञ्चालनमा छन्। कुल १ हजा ७५४ शाखाहरू देशभरको १५.२९ प्रतिशत सञ्चालनमा रहेका छन् भने एक शाखाले औसतमा ३ हजार ४८६ जनालाई सेवा दिएको छ। एटिएम ५१० वटा, डेविट कार्ड १३.८६ लाख, र मोबाइल बैंकिङ ३१.९५ लाखको प्रयोगमा उल्लेख्य वृद्धि भएको छ।

२०८२ चैत्र मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले रु. ४ खर्ब ४६ अर्ब निक्षेप सङ्कलन गरेका छन् भने रु. ५ खर्ब १० अर्ब कर्जा प्रवाह गरेका छन्। यस्तै द्रदेशमा ३९० बीमा कार्यालयहरू देशभरको १३ प्रतिशत सञ्चालनमा छन्। जीवन र निर्जीवन बीमाबाट कुल रु. १३ अर्ब ४९ करोड बीमा शुल्क आर्जन भएको छ प्रदेशको अंश क्रमशः ८.९५ प्रतिशत र ६.३० प्रतिशत।

स्वास्थ्य सूचकांकतर्फ प्रदेशको कुल प्रजनन दर २.७ रहेको छ, जुन राष्ट्रिय औसत १.९ भन्दा माथि हो। मातृ मृत्युदर प्रति लाख १४० रहेको छ। फागुनसम्म ५० लाख ७० हजार पटक स्वास्थ्य सेवा प्रवाह गरिएको छ, जसमा बहिरङ्ग सेवाको हिस्सा ९५.३६ प्रतिशत रहेको छ।

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट सबैभन्दा बढी १० हजार १६८ जनाले रोजगारी प्राप्त गरेका छन्, यद्यपि यो सङ्ख्या विगत ५ वर्षदेखि घट्दो क्रममा छ। वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको सङ्ख्या १ लाख भन्दा माथि छ। सामाजिक सुरक्षा कोषमा १ हजार ३१९ प्रतिष्ठानका ३४ हजार ९९७ श्रमिक आबद्ध भएका छन्।

प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८२/८३ मा प्रदेश निजामती सेवातर्फ ३३९ र स्थानीय सेवातर्फ १ हजार ४४१ पदका लागि विज्ञापन आह्वान गरेको छ। विभिन्न तह तथा समूहमा गरी कुल ११६ जना उम्मेदवार सिफारिस गरिएको अर्थ मन्त्रालयले जनाएको छ।

सुशासनतर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीमध्ये भौतिक पूर्वाधार मन्त्रालयविरुद्ध सबैभन्दा बढी ३७८ उजुरी दर्ता भएका छन्। त्यसपछि स्वास्थ्य मन्त्रालयमा १७०, वन क्षेत्रमा १०३ र कृषि क्षेत्रमा ९८ उजुरी परेका छन्। प्रदेश सरकार पक्ष वा विपक्ष रहेका २९८ मुद्दामध्ये ६२ मुद्दा फस्यौट भएका छन् भने बाँकी २३६ मुद्दामा प्रदेश सरकारले प्रभावकारी कानुनी प्रतिरक्षा गर्नुपर्ने अवस्था रहेको छ।

आर्थिक वर्ष २०८१/८२ को बजेटमा महिलालाई प्रत्यक्ष रूपमा ५० प्रतिशत वा सोभन्दा बढी लाभ पुग्ने लैंगिक उत्तरदायी बजेटको हिस्सा ८९.३२ प्रतिशत रहेको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ।

# सञ्चार कार्यविधि प्रभावकारी बनाउनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम। आमसञ्चार प्राधिकरण मधेश प्रदेशले सञ्चार क्षेत्रलाई थप व्यवस्थित, उत्तरदायी र व्यावसायिक बनाउने उद्देश्यले सरोकारवालाहरूसँग कार्यविधि सम्बन्धी विस्तृत छलफल कार्यक्रम आयोजना गरेको छ।

पत्रकार महासंघका पदाधिकारी, सञ्चार क्षेत्रका विज्ञ तथा विभिन्न जिल्लाका पत्रकार प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमलाई सम्बोधन गर्दै गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणमा सञ्चार क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए।

उनले भने सञ्चारमाध्यमलाई अझ जिम्मेवार, तथ्यपरक र जनउत्तरदायी बनाउन स्पष्ट कार्यविधिको आवश्यकता रहेको बताए। उनले प्रेस स्वतन्त्रताको संरक्षण गर्दै सञ्चार क्षेत्रको संस्थागत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

'सञ्चार क्षेत्रलाई नियमन गर्ने नाममा नियन्त्रण मात्र नभई व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले कार्यविधि निर्माण गर्न लागिएको हो,' मन्त्री महतोले भने, 'पत्रकार र सञ्चार संस्थाको हकहित संरक्षण गर्दै व्यावसायिक पत्रकारितालाई प्रोत्साहन गर्ने नीति प्रदेश सरकारले लिएको छ।'



आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खडकाले कार्यविधि निर्माण प्रक्रियामा सरोकारवालाको सुझावलाई उच्च महत्व दिइने बताए। उनले सञ्चार क्षेत्रको वर्तमान अवस्था, डिजिटल माध्यमको विस्तार तथा बदलिँदो प्रविधिलाई ध्यानमा राखेर कार्यविधि तयार गरिने जानकारी दिए।

नेपाल पत्रकार महासंघका लेखा समिति संयोजक केसी लामिछानेले कार्यविधि निर्माण गर्दा पत्रकारको पेशागत स्वतन्त्रता र संवैधानिक अधिकारलाई केन्द्रमा राख्नुपर्ने धारणा राखे। उनले सञ्चार क्षेत्रको विकासका लागि राज्य र सञ्चारकर्मीबीच सहकार्य आवश्यक रहेको बताए।

महासंघका केन्द्रीय सदस्य राजेश कर्णले प्रदेशस्तरमा सञ्चार क्षेत्रलाई व्यवस्थित गर्न खोजिएको प्रयास सकारात्मक रहेको उल्लेख गर्दै कार्यविधि व्यवहारिक र कार्यान्वयनयोग्य हुनुपर्नेमा जोड दिए। उनले पत्रकारको क्षमता अभिवृद्धि, श्रम अधिकार तथा सञ्चार संस्थाको दिगोपनालाई पनि प्राथमिकतामा राख्न सुझाव दिए।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जाराले पत्रकारिताको बदलिँदो परिवेशलाई ध्यानमा राखेर नीति निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए। मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झाले पत्रकारिताको विश्वसनीयता कायम राख्न आचारसंहिताको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताइन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ता, सप्तरी अध्यक्ष श्रवण देव, सिरहा अध्यक्ष मनोज मोरबैता, महोत्तरी अध्यक्ष महेश दास, सर्लाही अध्यक्ष ओमप्रकाश ठाकुर, रौतहटका अध्यक्ष सञ्जय कार्की, बारा अध्यक्ष रमेश सुवेदी तथा पर्सा शाखाका संस्थापक पूर्वअध्यक्ष दिपेन्द्र चौहानलगायतले आ-आफ्नो धारणा राख्दै पत्रकारिता क्षेत्रका समस्या, चुनौती तथा सम्भावित समाधानबारे सुझाव प्रस्तुत गरेका थिए।

वक्ताहरूले विशेष गरी पत्रकारको पेशागत सुरक्षा, सञ्चार संस्थाको आर्थिक सुदृढीकरण, डिजिटल पत्रकारिताको व्यवस्थापन, फेक न्युज नियन्त्रण, पत्रकार कल्याण कोषको प्रभावकारी सञ्चालन तथा स्थानीय सञ्चारमाध्यमको प्रवर्द्धनजस्ता विषयलाई कार्यविधिमा समेट्न आग्रह गरेका थिए।

# क्रियाशील संघ संस्थाहरुसँग प्रहरीको छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम। जिल्ला प्रहरी कार्यालय धनुषाले जिल्लाका शान्ति सुरक्षा र अपराध न्यूनीकरण बारे क्रियाशील विभिन्न संघसंस्था, पूर्व प्रहरी संगठन तथा मुस्लिम अगुवाका प्रतिनिधिहरूसँग छलफल गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रुपेश खड्काले सहभागीहरूसँग जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण, लागूऔषध दुर्व्यसन न्यूनीकरण, ट्राफिक व्यवस्थापन तथा समुदाय-प्रहरी साझेदारी बारे छलफल गर्दै थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

उनले समाजमा हुने विभिन्न प्रकारका अपराध नियन्त्रण तथा सामाजिक विकृति न्यूनीकरणका लागि पूर्व प्रहरी तथा सरोकारवाला निकायबीचको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै सबै पक्षको सक्रिय सहयोग आवश्यक रहेको बताए।

कार्यक्रममा सहभागी सरोकारवालाले पनि जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा जनचेतनामूलक गतिविधिमा



अझ सक्रिय रूपमा सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा आपसी परिचय, अनुभव आदान प्रदान तथा समसामयिक सुरक्षा चुनौतीबारे छलफल गरिएको थियो। प्रहरी र सरोकारवाला निकायबीचको सम्बन्धलाई थप सुदृढ बनाउँदै धनुषा जिल्लाको शान्ति सुरक्षामा योगदान पुऱ्याउने उद्देश्यसहित कार्यक्रम सम्पन्न भएको प्रहरीले जनाएको छ।

## गाडी ठक्करबाट महिलाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको बागमती नगरपालिका-९ स्थित निर्माण चोकमा इभी गाडीको ठक्करबाट एक महिलाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्।

आइतबार बिहान बिग्रिएर टुचन लगाई तानेर लैजाँदै गरिएको बागमती प्रदेश ०३-००१ ज ०७७६ नम्बरको इभी हायस गाडीले ठक्कर दिँदा स्थानीय ५५ वर्षीया जयकुमारी देवीको मृत्यु भएको हो।

प्रहरीका अनुसार उक्त इभी गाडीलाई प्रदेश २-०२-००१ ह १८७९ नम्बरको अटोले मर्मतका लागि तानेर लैजाँदै गर्दा बाटोमा हिँडिरहेका जयकुमारी देवी र स्थानीय ४० वर्षीया पुनमदेवी यादवलाई ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि वीरगञ्जतर्फ लैजाने क्रममा जयकुमारी देवीलाई प्रादेशिक अस्पताल कलैया, बारामा स्वास्थ्य परीक्षण गर्दा चिकित्सकले मृत घोषणा गरेका थिए।

# माटो ढुवानीमा रोक

**टुडे समाचारदाता**

रौतहट। रौतहटको कटहरिया नगरपालिका-४ बहादुरपुर गाउँ भएर ट्र्याक्टरमार्फत माटो ढुवानी नगर्न वडा कार्यालयले अनुरोध गरेको छ।

गाउँभित्रको सडक प्रयोग गरी माटो ढुवानी गर्दा अत्यधिक धुलो उडेर वातावरण प्रदूषित भएको तथा स्थानीय बासिन्दाको जनजीवन प्रभावित हुन थालेपछि वडा अध्यक्ष चन्दन कुशवाहाले सूचना जारी गर्दै यस्तो आग्रह गरेका हुन्।

वडा कार्यालयका अनुसार पछिल्लो समय विभिन्न निर्माण तथा भरण कार्यका लागि लालबकैया नदीको किनारबाट ट्र्याक्टरमार्फत माटो ओसारपसार बढेको छ। यसका कारण सडक आसपासका बस्तीमा धुलोको मात्रा बढ्दै गएको, सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेको तथा दैनिक आवतजावतमा समेत समस्या सिर्जना भएको गुनासो प्राप्त



भएको वडा अध्यक्ष कुशवाहाले बताएका छन्।

सूचनामा स्थानीयवासीको स्वास्थ्य, स्वच्छ वातावरण र सार्वजनिक हितलाई ध्यानमा राख्दै बहादुरपुर गाउँ भएर माटो ढुवानी नगर्न सम्बन्धित व्यक्ति तथा व्यवसायीलाई अनुरोध गरिएको छ। स्थानीय तहको यो कदमलाई वातावरण संरक्षण र जनस्वास्थ्यप्रतिको जिम्मेवार पहलका रूपमा हेरिएको छ।

स्थानीय बासिन्दाले पनि धुलो प्रदूषण नियन्त्रणका लागि सबै पक्षले नियम पालना गर्नुपर्ने बताएका छन्। वडा कार्यालयले सूचनाको पालना गर्न आग्रह गर्दै अटेर गरेमा आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाउन सकिने संकेत समेत दिएको छ।

लामो समय देखि गाउँभरिको सडकमा जमेको धुलो, हिलो आज बिहान वडा अध्यक्ष चन्दन कुशवाहाको पहलमा स्थानीय युवाहरुले सफाई गरेपछि अब उप्रान्त फेरी धुलो प्रदूषण न बढोस भनेर उक्त सूचना जारी गरेको छ।

योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिबद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्को सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ आषार १ गते लोक सेवा आयोगको ७६ औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिबद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्मचारी आवश्यकता

कबिरा बिल्डर्स, सबैला-९, धनुषाका लागि निर्माण सम्बन्धी विभिन्न गुडस्तरीय परियोजनाहरू (Projects) का लागि लगनशील, अनुभवी र दक्ष कर्मचारीहरूको आवश्यकता परेको हुनाले इच्छुक नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिन्छ।

रिक्त पद र आवश्यक विवरणहरूः

| क्र. सं. | पद | आवश्यक संख्या | न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|
| १. | लेखापाल | १ जना | स्नातक तह उत्तीर्ण गरिएको। |
| २. | इन्जिनियर | १ जना | सिभिल इन्जिनियरिङमा स्नातक (BE) उत्तीर्ण गरिएको तथा सडक परियोजनाको अनुभव प्रशंसनीय हुनेछ। |
| ३. | सब-इन्जिनियर | १ जना | सिभिल इन्जिनियरिङमा Diploma उत्तीर्ण गरिएको। (नोट : कर्पोरेट कार्यालय जनकपुर-१ का लागि) |

थप जानकारीः
तलब तथा सेवा सुविधाः कम्पनीको नियमअनुसार (पारस्परिक समझदारीमा आकर्षक तलब दिइनेछ)।
चयन प्रक्रियाः अन्तर्वार्ता र कार्यक्षमताको मूल्याङ्कन।

आवश्यक कागजातहरुः
इच्छुक उम्मेदवारहरूले आफ्नो अपडेटेड बायोडाटा (CV), शैक्षिक योग्यताका प्रमाणपत्रहरू, र नागरिकताको प्रतिलिपि तल उल्लेखित इमेल वा ठेगानामा विज्ञापन प्रकाशित भएको ७ दिन भित्र पठाइ सक्नुपर्नेछ।

सम्पर्क विवरणः
कबिरा बिल्डर्स
सबैला न.पा.-९, धनुषा
फोन नं: ९८०१०९०५०२
इमेलः kabirabuilders75@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८